# अध्याय : एक

# परिचय

## १.१. अध्ययनको पृष्ठभूमि

विश्वको स्थिति हेर्ने हो भने ५ करोड वेरोजगार मानिसहरू मध्ये ८० प्रतिशत महिलाहरू छन् । (नेपालमा मानव विकास प्रतिवेदन सन् १९९८) वेरोजगारीले व्यक्तिगत, पारिवारिक, आर्थिक दुर्वलता निम्त्याउँछ । त्यसैले विश्वका महिलाहरू आर्थिक रूपमा पुरूषभन्दा कमजोर छन् भन्ने कुरा यो तथ्याङ्कले देखाउँछ । यो समस्या नेपाल जस्तो विकासोन्मुख देशमा बढी छ । नेपालमा ९० प्रतिशत ग्रामीण नेपाली महिलाहरू कृषिमा संलग्न रहेका छन् । उनीहरू दैनिक १४ घण्टा काम गर्दछन् । कृषि क्षेत्रमा झण्डै ५० प्रतिशत योगदान महिलाको छ । तर उपार्जन गरिनेअर्थतन्त्रमा महिलाको नियन्त्रण र पहुँच भने छैन । मानव विकास प्रतिवेदन सन् २००४ अनुसार केवल ८ प्रतिशत महिलाको नाममा मात्र जमिन कायम छ (घिमिरे, २०६५) ।

नेपाल पितृसतात्मक समाज हो । जहाँ महिलाको भन्दा पुरुषको हैसियत हरेक क्षेत्रमा उच्च रहेको पाइन्छ । यहाँ कुल जनसंख्याको आधा हिंस्सा ओगट्ने महिला छन् । आधा हिस्सा ओगट्ने महिलाको संख्या भए पनि उनीहरूले पाउनुपर्ने हक अधिकारहरू पाएका छैनन् । जसको कारण दिनहु जसो पुरुषबाट कुनै न कुनै रुपमा दमित हुनु परेको छ । शव्दमा र बोलीमा मात्र पुरुष र महिला भनेको राष्ट्र निर्माणका लागि अभिन्न अंग हुन भनेर भनिन्छ । तर महिलालाई त्यसको दर्जा र अधिकारबाट बन्चित गरिएको छ । जसले गर्दा महिलाहरू पिछडिएका पिल्सिएका छन् । छोरीलाई सधै परिवारको वोझ ठान्ने अवुझ परम्परा पुर्ख्यौली मान्यतालाई आजको नेपाली समाजले पनि छोड्न सकेको छैन । जब कि परापूर्वकाल देखि समाजमा यस किसिमको भावना विद्यमान रहेको पाइन्छ कि महिला र पुरुष एकै रथका दुई पाङ्ग्रा हुन् । एकको अभावमा अर्को संचालन हुन वा अगाडि वढ्न सक्दैन । धार्मिक दृष्टिकोण बाट पनि यहि मान्यता रहेको पाइन्छ । महिला र पुरुष एक अर्का प्रति आश्रित छन् ऋग्वेदमा महिला र पुरुष अर्थात पति र पत्निले समान स्थान हासिल गरेको कुरा उल्लेख गरिएको छ भने मनुको भनाइमा विधाता अर्थात व्रम्हाले आफ्नै शरिरलाई दुई भागमा विभाजन गरेर नर तथा नारीको सृष्टि गरेको कुरा उल्लेख छ (नेपाल कानून परिचर्चा: २०३५) ।

समयको साथसाथै महिलाहरूको अधिकार र स्वतन्त्रको लागि हरेक क्षेत्रमा आवाज उठ्न थाल्यो जसको फलस्वरूप वर्तमान आधुनिक परिवर्तन भएको देख्न सकिन्छ । स्वास्नी मानिसहरू शारीरिक र शक्तिका दृष्टिले पुरूषहरू समान नहुँदा पनि पुरूष प्रधान समाजले उनीहरूलाई घर धन्दाका साथै बाहिरी कामको समेत जिम्मेवारी थपेको छ । प्राकृतिक दृष्टिकोणमा नै महिलाहरूलाई पुरूषभन्दा शारीरिक रूपमा कमजोर भएकोले यसलाई विशेष ध्यानमा राखी उनीहरूलाई संरक्षण र सुविधा प्रदान गर्न सकिएमा राष्ट्रको समग्र विकास हुन सक्छ भन्ने धारणाको विकास भएको पाइन्छ । तसर्थ नेपाल अधिराज्यको अन्तरिम संविधान २०६३ मा महिला, बालक, वृद्ध, शारीरिक वा मानसिक रूपले असक्त व्यक्ति संरक्षण वा विकासका लागि कानुनद्वारा विशेष व्यवस्था गर्न सकिने छ भन्ने व्यवस्था गरेको छ । कानुनले समेत संवैधानिक व्यवस्था गरे पनि हामीले इमान्दारीपूर्वक समाजलाई नियालेर हेर्ने हो भने महिलाहरू वास्तवमा नै पछाडी रहेको पाइन्छ (थापा, २०५९) ।

महिलाहरूलाई घर परिवार तथा कृषि उत्पादनमा प्रदान गरिने स्थान तथा क्षेत्र उनीहरूको अमूल्य योगदानसँग पटक्कै मेल खाँदैन । ग्रामीण क्षेत्रहरूमा महिलाहरूले वस्तु भाउ हेर्ने, खेतीबाली उब्जाउने जस्ता धेरै जसो काम गर्ने गर्दछन् । उनीहरू खाना बनाउन वा बच्चा हुर्काउन बुढाबुढीलाई स्याहार गर्न समेत जिम्मेवार बनाएको हुन्छ । पुरूषहरूले घरको काममा नसघाउने हुनाले महिलाहरूले पानी, वस्तुभाउको लागि चारो तथा दाउरा जम्मा गर्ने जस्ता निकै समय लाग्ने कामहरूको धेरै भारी बोक्छन् । धेरै परिवारहरूमा महिलाहरूले सम्पूर्ण पुरूष सदस्यहरूले खाना खाई सकेपछि मात्र खाने चलन छ । जसले गर्दा उनीहरू खानाबाट वञ्चित हुन सक्ने सम्भावना धेरै हुन्छ । महिलाहरूको पनि पुरूषहरू सरह समान अधिकार छ, राजनीतिक निर्माण प्रक्रियामा प्रभाव हुनुपर्दछ तथा शिक्षा, भूमि एवं पुँजी जस्ता स्रोतहरूमा समान अधिकार एवं नियन्त्रण हुनुपर्दछ भन्ने धारणाको विकास हरेक क्षेत्रमा भएको पाइन्छ ( न्यौपाने २०६५) ।

महिलाहरू मुख्य श्रम योग्य समय कृषि तथा घरायसी काम व्यवहारमा नै बिताउँछन् । यसरी कृषि तथा घरायसी काममा महिलाहरूको भूमिका बढ्दो भए तापनि उनीहरूसँग निर्णय अधिकारमा सीमित पहुँच छ । जुनसुकै जातजातिको महिला भए तापनि महिलाहरूमा पुरूषको तुलनामा कम निर्णय गर्ने अधिकार रहेको छ । महिलाहरूले कृषि कार्यमा दिनरात काम गरेर उत्पादन गरेको वस्तुदेखि लिएर महिलाहरूको नाममा रहेको जमिन किनवेचमा समेत

पुरूषहरूको निर्णयमा चल्नु पर्ने अवस्था रहेको छ । यस्तो हुनुको मुख्य कारण उनीहरूको नाममा जमिन तथा उत्पादनका साधनमाथिको स्वामित्व नहुनुले गर्दा हो । ८९.२ प्रतिशत पुरूषहरूको नाममा जमिन छ भने एकदमै न्युन १०.८ प्रतिशत मात्र महिलाको नाममा जमिन रहेको छ । नेपालको सामाजिक बनोट अनुसार जमिन तथा अन्य सम्पत्ति बाबुबाट छोरामा हस्तान्तरण हुन्छ जसले गर्दा सामाजिक तथा आर्थिक सुरक्षाको हिसाबले महिलाहरू असुरक्षित छन् । महिलाहरूको बढ्दो कृषि कामको भूमिकालाई आत्मसाथ गर्दै कृषि प्रणालीलाई महिला मैत्री बनाउन आवश्यक छ । उनीहरूको क्षमता अभिवृद्धि र प्राविधिक ज्ञानमा वृद्धि गर्दै वर्तमान पुरूष केन्द्रित प्रवृत्तिहरू महिला मैत्री र सहज बनाउनु आवश्यक छ । जमिन माथिको स्वामित्व, निर्णय अधिकार, प्रविधिहरू र सेवाहरू माथिको पहुँच साथै कृषि व्यवस्थापन गर्ने सीप तथा ज्ञानको वृद्धि आदिमा महिलाहरूलाई दक्ष बनाउने जस्ता महत्त्वपूर्ण आधारहरूमा ध्यान केन्द्रित गर्नु आवश्यक छ (भण्डारी, २०६६) ।

माथि उल्लेखित विभिन्न व्यक्तिहरुले गरेका विभिन्न अध्ययन, अनुसन्धान तथा लेख रचनाहरुलाई समष्टीगत रुपमा विश्लेषण गर्दा यि अनुसन्धानहरुमा पुरुषहरुको तुलनामा महिलाहरुको घरायसी कामकाज, वालवच्चा रेखदेख, आर्थिक, सामाजिक तथा सांस्कृतिक कृयाकलापहरुमा समेत महिलाको सहभागीता न्युन रहेको देखिन्छ । त्यस्तै गरी चल अचल सम्पत्तिमा पनि पुरुषको तुलनामा महिलाको पहुँच एकदमै न्युन मात्रामा रहेको देखिन्छ । त्यस्तै गरी कृषि कार्यमा महिलाको सहभागीता उच्च रहेको देखिन्छ भने उपार्जन गरिने अर्थतन्त्रमा महिलाको नियन्त्रण तथा पहुँच न्युन मात्रामा रहेको छ । त्यस्तै गरि ग्रामिण क्षेत्रका महिलाहरुले वस्तु भाउ हेर्ने, खाना वनाउने, वच्चावच्ची हुर्काउने, वुढावुढीलाई स्याहार गर्ने, खेतीवाली उव्जाउने देखी लिएर घर भित्रका साना साना कामहरुमा पनि महिलाहरुलेनै गर्नुपर्ने उक्त कामहरुमा पुरुषहरुले सघाउँदै नसघाउने, महिलाहरुले यति धेरै काम गर्दा पनि कामको मुल्यांकननै नहुने कुरा माथिका विभिन्न अध्ययनहरुवाट प्रष्ट हुन्छ । महिलाहरुले कृषि कार्यमा दिनरात खटिए पनि उत्पादन गरिएको वस्तु देखि लिएर महिलाको आफ्नो नाममा रहेको जग्गा जमिन किन वेचमा समेत पुरुषहरुकै निर्णय चल्नु पर्ने अवस्था माथिका यि विभिन्न व्यक्तिका अध्ययन अनुसन्धान तथा लेख रचनाहरुले देखाएको छ ।

यि माथिका सन्दर्भहरुमा महिलाहरुको  घरायसी निर्णय, आर्थिक, सामाजिक संस्कृति एवं शैक्षिक स्तरमा महिलाको अवस्था त्यस्तै चल अचल सम्पत्ति माथी महिलाहरुको अधिकारको वारेमा विस्तृत रुपमा उठान गरिएको छ । यि विभिन्न उठान गरिएका मुद्दाहरु यस

अनुसन्धानका उदेश्यहरु संग प्रत्येक्ष तथा अप्रत्येक्षरुपमा मेल खाएको कुरा प्रस्ट रुपमा देख्न सकिन्छ तर पनि यि अध्ययन तथा अनुसन्धानहरु नेपालको फरक फरक समुदाय तथा जातजातीहरुमा गरिएका कारण सवै कुरा सवै समुदाय तथा जातजातीमा एउटै हुन्छ भनेर भन्न पनि सकिदैन । हरेक वर्ग, जातजाती, समाज, समुदाय तथा समुहमा महिलाहरु प्रति हेर्ने दृष्टिकोण धारणा तथा महिलाहरु प्रति गरिने व्यवहार फरक फरक हुन सक्छ । त्यस्तै गरि महिलाहरुको सामाजिक, आर्थिक, सांस्कृतिक तथा शैक्षिक हैसियत, महिलाहरुको घरायसी तथा वाह्य कृयाकलापमा उनिहरुको सम्लग्नता तथा उनीहरुको भुमिका फरक हुने गर्दछ त्यसकारण यस अनुसन्धानमा पनि दाङ जिल्लाको ग्रामिण वस्ती डुरुवा गा.वि.स वडा नं ७ र ८ मा वसोवास गर्ने थारु महिलाहरुमा घरायसी निर्णय प्रक्रिया, उनिहरुको सामाजिक, आर्थिक अवस्था र चल अचल सम्पत्ति माथी उनिहरुको अधिकारको वारेमा थप तथा विस्तृत अनुसन्धान गरिएको छ जसका वारेमा माथीका यि सन्दर्भहरु अपुर्ण रहेका छन् ।

**१.२ समस्याको कथन**

कुनै पनि सफल पुरुष व्यक्तित्वको पछाडी महिलाको हात रहन्छ भन्ने भनाई विभिन्न प्रसंङ्गमा दोहोऱ्इन्छ तर सही रुपमा त्यसको मुल्यांङ्कन भने भएको छैन । कुनै परिवारको आर्थिक लेखाजोखा गर्दा घर वाहिर गर्ने विविध कामको मात्रै मुल्यांङ्कन गरिन्छ । घर भित्र वसेर सम्पुर्ण घरायसी व्यवस्था मिलाउने जिम्मेवारी पुर्ण कामलाई "रछाने" काम भनेर होच्याईन्छ अर्थात घरधन्दालाई रछाने काम भनिन्छ । घरमै वसेर काम गर्ने अधिकाँस महिलाहरुलेनै घरायसि काममा सम्मानजनक दृष्टिले हेर्दैनन र त्यसलाई आदरार्थि शव्द पनि प्रयोग गर्दैनन् । अधिकाँस घरमा भित्रको घरायसी काम महिलाले र वाहिरको काम पुरुषले गर्ने प्रचलन छ । त्यसैले आर्थिक कारोवार र जगेर्नामा पुरुषको योगदान मात्र देखिन्छ । पुरुषले घर वाहिर काम गर्दा घर भित्रको वातावरण सहज वनाएर, केटाकेटीलाई ठिक समयमा पाठशाला पठाएर, विभिन्न सामाजिक दायित्व पुरा गर्दै महिलाले गरेको हस्याङ फस्याङको मुल्याङ्कन गरिदैन । घर भित्रको काम विहान उठेदेखि, राती अवेर सम्म गर्ने महिलाहरुले १०० रुपैंयाको चुरा धागो लगाउने देखी चार पाँच सय दान दक्षिणा दिनु पर्दा पनि हात फैलाउनु पर्दछ । अधिकाँस महिलाहरुमा सधैंनै आर्थिक समस्या परिनै रहन्छ ।

वर्तमान समयको परिवर्तन संगै जीवनशैली र कार्यशैलीमा पनि परिवर्तन आईरहेको छ । महिलाहरुले वाहिरको काम सम्हाल्ने र पुरुषले घरभित्रको काम गर्ने परिपाटी पनि विकसित भईरहेको छ । पश्चिमका देशहरुमा "हाउस वाइफ" भने जस्तै "हाउस हजवेण्ड" भन्ने शव्दको

प्रयोग र त्यसकार्यलाई सम्मान दिने प्रचलन विकसित हुदैछ । पत्नीले पतिका लुगाधुने, सुकाउने, उठाउने, स्त्री गर्ने कार्य गर्दा “कुशल गृहिणी” को पदवी पाउने र त्यही कार्य पतीले गर्दा “जोईटिङ्ग्रे, नामर्द” को पगरी पाउनु कहाँ सम्मको न्याय हो ? विहान ९ वजे काममा हिँडेकी पत्नीको धोती दिन भरी घाम पानी खाएर वेलुकी ६ वजे अफिसवाट फर्के पछि उनैले उठाउनु ठिक कि घरमै टि.भी हेरेर, घर छिमेक चाहार्दै, जुवा खेल्दै समय विताउने पतिले उठाउनु ठिक ? पति पत्नी भनेका परिवारका समान दायित्व वोकेका सदस्य हुन्, सुख दुःख का साथी हुन् । त्यसैले दुवैले आ-आफ्नो जिम्मेवारी वहन गर्नुपर्दछ । “दलित मध्येकै वादी जातीका कतिपय महिलाहरु आफ्नो परिवारको गुजाराका निम्ती यौन व्यवसाय अँगाल्न वाध्य भए भने आर्थिक उपार्जनका नाममा कैंयौं दलित महिलाहरु वेचविखनका शिकार भई विदेशी कोठीमा यौन धन्दामा सामेल गराइए ।” (विश्वकर्मा, २०५९) ।

महिलाहरूको पारिवारिक सम्पत्तिमा पहुँच हुँदैन, निर्णय गर्ने कुरामा महिलाको अधिकार हुँदैन, स्वतन्त्र रूपले घर बाहिर हिँड्डुल गर्ने स्वतन्त्रता पनि हुँदैन अर्थात् महिलाहरू परिवारका दोस्रो दर्जाका सदस्य हुन्छन् । त्यसैले प्रस्तुत अध्ययनमा दाङ जिल्लाको डूरूवा गा.वि.स.वडा नं. ७ र ८ का थारू महिलाहरूको घरायसी निर्णय निर्माण प्रक्रियाको अवस्थालाई समस्याका रूपमा लिइएको छ । छनोटमा परेका महिलाहरूको घरायसी निर्णय निर्माण प्रक्रियामा कस्तो सहभागिता, भूमिका, अवस्था र उनीहरूको आर्थिक पृष्ठभूमि, शैक्षिक अवस्था, सम्पत्ति माथिको अधिकार के-कस्तो रहेको छ भन्ने तथ्यलाई मुख्य समस्याका रूपमा अध्ययन गरिएको छ ।

## १.३ अनुसन्धान प्रश्न

१) अध्ययन क्षेत्रका थारु महिलाको सामाजिक तथा आर्थिक स्थिती कस्तो छ ?

२) घरायसी चल अचल सम्पति माथी अध्ययन क्षेत्रका थारु महिलाको अधिकार के कस्तो रहेको छ ?

३) घरायसी निर्णय निर्माण प्रक्रियामा अध्ययन क्षेत्रका थारु महिलाहरुको कस्तो भुमिका रहेको छ ?

## १.४ अध्ययनको उद्देश्य

कुनै पनि अनुसन्धान गर्नु पहिले यसका उद्देश्य निर्धारित गर्नु पर्ने हुन्छ । यसै कारणले यस अध्ययनका मुख्य उद्देश्यहरु यस प्रकार निर्धारित गरिएको छ ।

- अध्ययन क्षेत्रका थारू महिलाहरूको सामाजिक तथा आर्थिक अवस्था पत्ता लगाउनु ।
- थारू महिलाहरूको घरायसी चल अचल सम्पत्ति माथिको अधिकारको अवस्था वारे अध्ययन गर्नु ।
- थारू महिलाहरूमा घरायसी निर्णय निर्माण प्रक्रियामा कस्तो भूमिका रहेको छ त्यसको जानकारी प्राप्त गर्नु ।

## १.५ अध्ययनको महत्त्व

कुनै पनि अध्ययन अनुसन्धानको एउटा आफ्नै किसिमको महत्त्व रहेको हुन्छ । यस अनुसन्धानले पनि थारू महिलाहरूप्रति हुने विभेदलाई केही मात्रामा भए पनि घटाउन र थारु महिलाहरूको सशक्तीकरण, सहभागिता तथा अधिकारमा केही मात्रामा भए पनि सहयोग गर्नेछ । यस्तै प्रकारबाट अध्ययन गर्न चाहने पक्षलाई सन्दर्भ साहित्यको रूपमा मद्दत पुग्न सक्ने छ । साथै यी बाहकेका पक्षलाई पनि महिलाको वर्तमान अवस्थाको जानकारी पुग्न सक्ने छ । महिला सशक्तीकरण, लैङ्गिक विभेद विरूद्ध लाग्ने सङ्घसंस्थाहरूका साथै नीति निर्माता तथा योजना कर्ताहरूलाई सानै क्षेत्रको भए पनि महिलाहरुको सामाजिक तथा आर्थिक अवस्था, घरायसी निर्णय निर्माण प्रक्रिया, घरायसि चलअचल सम्पत्ति माथिको अधिकारको वर्तमान अवस्थाको जानकारी दिई महिला सशक्तिकरणको माध्यमवाट लैङ्गिक विभेद हटाउनको निमित्त मद्दत पुऱ्याउन सक्ने अपेक्षा गरिएको छ ।

यो अध्ययनले दाङ जिल्लामा थारू महिलामा हुने गरेको घरायसी क्रियाकलापमा संलग्नता, सहभागिता, निर्णय प्रक्रिया तथा विभेदको अवस्थालाई देखाइएको छ, जसले गर्दा इच्छुक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरू साथै सरकारी पक्षले पनि केही लाभदायक योजना तथा कार्यक्रम बनाएर दाङ जिल्लामा जस्तै अन्य क्षेत्रमा बसोबास गर्ने थारू महिलाहरूमा निर्णय निर्माण प्रक्रियामा महिलाहरूको सहभागितालाई बढाउन सहयोगी भूमिका निर्वाह गर्नेछ ।

## १.६ शोधपत्रको संगठन

यो शोधपत्रको प्रथम अध्यायमा परिचय राखिएको छ । उक्त शिर्षक अन्तर्गत अध्ययनको पृष्ठभूमी, समस्याको कथन, अनुसन्धान प्रश्न, उदेश्य, महत्व र शोधपत्रको संगठन राखिएको छ ।

यो शोधपत्रको दोस्रो अध्यायमा सन्दर्भ साहित्यको अध्ययन राखिएको छ । उक्त शिर्षक अन्तर्गत विश्वव्यापी सन्दर्भ, दक्षिण एसियाको सन्दर्भ, नेपाली सन्दर्भ राखिएको छ ।

यो शोधपत्रको तेस्रो अध्यायमा अनुसन्धान पद्धति राखिएको छ । उक्त शिर्षक अन्तर्गत अनुसन्धान क्षेत्रको छनोट, नमुना छनोट, तथ्याङ्क संकलन विधीहरु, (अन्तवार्ता र व्यक्तिगत अध्ययन ) तथ्याङ्क विश्लेषण प्रक्रिया, अध्ययनको सिमा राखिएको छ ।

यो शोधपत्रको चौथो अध्यायमा अध्ययन क्षेत्रको परिचय र तथ्याङ्कको व्याख्या तथा विश्लेषण राखिएको छ । उक्त शिर्षक अन्तर्गत दाङ जिल्लाको परिचय, भौगोलिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अवस्थाको जानकारी, डुरुवा गा.वि.सको परिचय, आर्थिक, सामाजिक तथा सांस्कृतिक अवस्थाको जानकारी, प्रश्नावली तथ्याङ्क तालिकीकरण, व्याख्या तथा विश्लेषण र वैयक्तिक अध्ययन राखिएको छ ।

यो शोधपत्रको पाँचौ अध्यायमा सारांश तथा निष्कर्ष राखिएको छ । उक्त शिर्षक अन्तर्गत सारांश र निष्कर्ष राखिएको छ ।

# अध्याय : दुई

# सन्दर्भ साहित्यको अध्ययन

## २.१ विश्वव्यापी सन्दर्भ

विश्वको स्थिति हेर्ने हो भने ५ करोड वेरोजगार मानिसहरू मध्ये ८० प्रतिशत महिलाहरू छन् । नेपालमा मानव विकास प्रतिवेदन १९९८) वेरोजगारीले व्यक्तिगत, पारिवारिक, आर्थिक दुर्वलता निम्त्याउँछ । त्यसैले विश्वका महिलाहरू आर्थिक रूपमा पुरूषभन्दा कमजोर छन् भन्ने कुरा यो तथ्याङ्कले देखाउँछ । यो समस्या नेपाल जस्तो विकासोन्मुख देशमा बढी छ । नेपालमा ९० प्रतिशत ग्रामीण नेपाली महिलाहरू कृषिमा संलग्न रहेका छन् । उनीहरू दैनिक १४ घण्टा काम गर्दछन् । कृषि क्षेत्रमा झण्डै ५० प्रतिशत योगदान महिलाको छ । तर उपार्जन गरिने अर्थतन्त्रमा महिलाको नियन्त्रण र पहुँच भने छैन । मानव विकास प्रतिवेदन २००४ अनुसार केवल ८ प्रतिशत महिलाको नाममा मात्र जमिन कायम छ (घिमिरे, २०६५) ।

यसै गरी महिलालाई भोट हाल्न पाउने अधिकारको कुरा गर्दा सन् १६१४ मा मार्गरेट फिलले स्कुल व्यवस्थापनमा भोट हाल्ने अधिकार मागेर महिला अधिकार आन्दोलन सुरु गरेकी थिईन् । यो आन्दोलनले धेरै कठिन चरण पार गरिसकेको छ । सन् १९४८ मा पर्सियामा महिलाले आफ्ना अधिकारका लागि ठुलो जुलुस निकाले । त्यहाँका तत्कालीन राजाले जुलुस देखि डराएर भोट दिने अधिकार दिन्छु भनेर प्रतिज्ञा गरे । तर पछि धोका दिए । सन् १९५० मा ब्रिटेन, १९८१ मा स्कटल्याण्ड, १९९३ मा न्युजिल्याण्ड, १९९४ मा अमेरिका, १९९५ मा अष्ट्रेलिया, १९०७ मा नर्वे, १९५१ मा नेपालले महिलालाई मत खसाल्ने अधिकार दिएका थिए ( ज्ञवाली, सन् २०१२) ।

त्यस्तै गरि इटालीको रोममा जून ५-६, २००८ मा भएको ICA को साधारणसभाबाट अनुमोदित Article 2 उद्देश्य अन्तर्गत पाँचौं बुँदामा महिला र पुरूषलाई बराबरी रूपमा निर्णायक तहमा पुऱ्याई सहकारी आन्दोलनमा सरिक गराउनु रहेको छ । सन् १९७५-८५ को वर्षलाई संयुक्त राष्ट्र सङ्घले महिला दशक वर्षको रूपमा मनायो, जसको कारण थियो केही अपवादलाई छाडेर विश्वमा महिलाहरूको अवस्था पुरूषको दाँजोमा कमजोर छ र कतिपय देशमा त महिलाहरूलाई दोस्रो दर्जाको नागरिकको रूपमा लिइन्छ । ICA को अध्ययनमा खास

गरी पुरूषहरू नगदे बालीमा र महिलाहरू खाद्यान्न बालीमा सरिक हुने र महिलाहरू नगदे बालीमा सरिक हुँदा पनि श्रमिक वा मजदुरको रूपमा मात्र सीमित हुनाले पनि व्यवसायिक एवं आर्थिक क्षेत्रमा महिलाको अवस्था कमजोर हुनाले सक्रिय सदस्यको रूपमा महिलाहरूको उपस्थिति न्यून भएको हो । त्यस्तै गरी जग्गा जमिन माथिको स्वामित्व महिलाहरूमा अत्यन्तै न्यून हुनु र घरेलु काममा मात्र सीमित हुनु पनि अर्को मूल कारण देखाइएको छ । यस्तो अवस्था खासगरी एसिया र अफ्रिकी देशका बढी भएको अध्ययनमा देखाइएको छ । त्यस्तै गरी सन् १९९४ मा भएको विश्व सर्वेक्षण विकासमा महिलाहरूको भूमिका किन न्यून रहेको छ भन्ने विषयमा अध्ययन गर्दा तीनवटा महत्त्वपूर्ण कारणहरूलाई दर्शाइएको छ । तिनीहरूमा पुरूषप्रधान संस्कृति, पुरातन भेदभावपूर्ण नीतिले लगातार प्रश्रय पाउनु र आर्थिक व्यवस्थापनमा महिलाहरूलाई वञ्चित गरिनु रहेको छ (गिरी, २००९) ।

त्यस्तै गरी १९९८ को सेप्टेम्बर ३० देखि अक्टोवर ३ सम्मको आयरल्याण्डको आर्मेनिया सहरमा भएको निर्णायक तहमा ग्रामीण महिलाहरूको सहभागिता विषयक कार्यक्रममा महिलाहरूको सहभागिता कम हुनुका ४ वटा कारण दर्शाएका थिए । तिनीहरूमा Culture, Confidence र cash लाई कारक तत्त्व मानिएको थियो । त्यस बाहेक बच्चाको हेरचाह गर्ने सुविधा प्राप्त नहुनु सरल यातायातको सुविधा नपाउनु, रोजगारीको अवसर प्राप्त नहुनु, लगातार शिक्षा हासिल गर्न नपाउनु, लगायतका कारणहरू समेत दर्शाइएका थिए । संसारमा भएका यस्तै विविध कारणबाट ICA को महिला कमिटी १९८३ मा भएको जेनेभा बैठकबाट एउटा राजनीतिक स्लोगन नै अघि बढायो “तेस्रो विश्वको सहकारिता विकासमा महिलाहरूको पनि बराबरी हिस्सा” हुनुपर्छ । अतः माथि उल्लिखित तत्त्वहरूको गहिरो विश्लेषण गरी राष्ट्रिय स्तरमा समाधानको खोजी गरिनुपर्दछ (गिरी, २००९) ।

यसरी माथि उल्लेखित ICA को अध्ययनले पनि के प्रस्ट पार्दछ भने विश्वका विशेष गरी एसिया र अफ्रीकी देशहरु जहाँ महिलाहरुलाई दोस्रो दर्जाको रुपमा हेर्ने, पुरुषहरु नगदे वालीमा र महिलाहरुलाई खाध्यान्न वालीमा सरिक गराइने, नगदे वालीमा सरिक गराइए पनि मजदुरको रुपमा मात्र सिमीत राखिएको कुरा उल्लेखित अध्ययनले देखाएको छ । त्यस्तै गरि यस अध्ययनले जग्गा जमिन माथीको महिलाहरुको स्वामित्व एकदमै न्युन र घरेलु काममा महिलाहरुको उच्च सहभागीतालाई पनि देखाएको छ जुनकुरा यस अध्ययनको उदेश्यहरु संग प्रत्येक्ष मेल खाने देखिन्छ । त्यस्तै गरि विश्वव्यापि यि सन्दर्भ र अध्ययनहरुलाई मैले गरेको अध्ययन संग तुलना गरि हेर्दा नेपालमा पनि अझै महिलाहरुलाई घर तथा जग्गा जमिनको

स्वामित्वमा कम अधिकार दिइएको र कृषि तथा घरेलु काममा पुरुषको तुलनामा महिलाहरुको वढि सहभागीता हुने गरेको कुरा मैले मेरो अध्ययनमा पाएको छु । त्यस्तै गरि नेपालमा प्रत्येक वर्ष नारी दिवशहरु मनाइन्छ नारी दिवशमा नाराहरु पनि लगाउने गरिन्छ छोरा छोरी वरावरी, लैंङ्गिक समानताको लागी पाइला हाराहारी, सन् २०३० सम्म हिस्सा वरावरी भन्ने खालका नाराहरु लगाइन्छ तर ति सवै नाराहरु नारामा मात्र सिमीत रहेको देखिन्छ भने शहरी क्षेत्रहरुमा यसको केहि कार्यान्वयन भएता पनि दुर्गम, ग्रामिण भेगका महिलाहरुमा यि नाराहरु हात्तिको वाहिरी देखाउने दाँत मात्र वन्ने गरेको छ ।

**२.२ दक्षिण एसियाको सन्दर्भ**

दक्षिण एसियाको सामाजिक, सांस्कृतिक, आर्थिक अवस्थालाई हेर्दा महिलाको स्थान निकै जर्जर र खस्कँदो अवस्थामा रहेको पाइन्छ । सांस्कृतिक परिवेशलाई नियाल्दा परिवारको सदस्यमा बुहारीहरूको स्थान सबैभन्दा निम्न स्थानमा रहेको हुन्छ यतिसम्मकी गर्भवती अवस्थामा समेत उनीहरूले भारी काम गर्नुको साथै गुणस्तरीय खानाबाट पनि वञ्चित रहेको पाइन्छ भने महिलाहरूको सम्पत्ति माथिको अधिकार अत्यन्तै न्यून रहेको पाइन्छ । अधिकांश एसियाली मुलुकहरूमा महिलाहरूलाई घरायसी क्रियाकलापहरूमा संलग्न गराउने गरेको र उक्त क्रियाकलापको कुनै पनि मूल्याङ्कन नै नहुने गरेको पाइन्छ । त्यस्तै नीति निर्माण प्रक्रिया, सामाजिक तथा सांस्कृतिक सहभागितादेखि लिएर आफ्नो व्यक्तिगत निर्णयमा पनि पुरूषको नै हावी रहेको देखिन्छ (UNICEF, 1996)।

महिला र पुरुष माथी हुने गरेको विभेद, र अधिकार माथी महिलालाई पछाडी पारीनुको मुख्य जड पितृसत्तात्मक समाज हो, जहाँ महिलालाई भुमिसम्वन्धी कुनै अधिकार छैन । उनीहरुमाथि अवैयक्तिक व्यवहार गरिने र महिलालाई यौनजन्य मनोरन्जनका साधनका रुपमा लिईने, दाईजो प्रथाले निर्धारण गरेको महिलाको जिवन, मनुको महिला विरोधी कानुनी निती, समाजमा योग्य श्रीमती बन्नका लागि गर्नुपर्ने कार्यप्रक्रिया सम्वन्धीको धारणा आदिबाट बुझ्न सकिन्छ कि, यस्ता कुनै कुरा छैनन् जसले दिल्ली र मुम्वैका महिलालाई अन्तिममा देहव्यापार जस्ता कार्यव्यापारमा लगाईन वाध्य नपारेको होस् । यसैगरी जातीय प्रणाली जसले ग्रामिण महिला तथा युवतीलाई खराब चरित्र तथा नियतको सिकार हुनका लागी धेरैपटक प्रेरित गरिरहेको पाईन्छ । यसप्रकारको जातजातीगत प्रणालीले महिलालाई धेरै प्रकारका अधिकार वाट वन्चित हुन, विभेद–दमनकारी नितीवाट पीडित हुन विवश गराएको प्रसस्त उदारणहरु पाईन्छन् । (singh, 2009:176)

प्रस्तुत दक्षिण एसियाका सन्दर्भ माथी उल्लेखित सन्दर्भहरुलाई विश्लेषण गर्दा यि अध्ययनहरुमा महिलाहरुको सामाजिक, आर्थिक स्तर खस्कदो र महिलालाई घर भित्रको काममा मात्र सिमीत राख्ने प्रवृती, चल अचल सम्पत्तिवाट वन्चित गराइने, निती निर्माण प्रक्रिया, सामाजिक, सांस्कृतिक सहभागीता देखी लिएर व्यत्तिगत निर्णय प्रक्रियाहरुमा पुरुषहरुकोनै वर्चश्व रहेको कुरा उल्लेख गरिएको छ । साथै यि अध्ययन तथा सन्दर्भहरुमा महिलाहरुको सामाजिक आर्थिक, सास्कृतिक अवस्था, उनिहरुको चल अचल सम्पती माथीको अधिकार , निर्णय प्रक्रियामा उनिहरुको भुमिकाको वारेमा संक्षिप्त व्याख्या गरिएको छ । जुन कुरा नेपाली समाजका महिलाहरुको सामाजिक, आर्थिक अवस्था, घरायसी चल अचल सम्पती माथीको अधिकार, निर्णय निर्माण प्रक्रियामा महिलाको भुमिका यस अध्ययनको मुलभुत उदेश्य संग प्रत्येक्ष रुपमा सम्वन्धित रहेका छन्

### २.३.१ नेपालमा महिलाको अवस्था

देशको जनसंख्यालाई दृष्टिगत गर्ने हो भने नेपालको कुल जनसंख्याको आधा भन्दा वढी भाग महिलाहरुले आगटेको देखिन्छ । वर्तमान विश्वमा विकासको मापनको महत्वपुर्ण आधार मानविय विकासलाई लिने गरिएको छ । मानविय विकास भित्र स्वभावैले महिला र पुरुषको समान रुपले विकास भएको अवस्थालाई वुझ्नु पर्दछ । तर कतिपय मामलामा पुरुको दाँजोमा महिला ज्यादै पछाडी परेको अवस्था विद्यमान छ । हाम्रो देशमा महिलाहरु शिक्षा, स्वास्थ्य, राजनिती, अर्थतन्त्र, सामाजिक, सांस्कृतिक, धार्मिक हरेक दृष्टिले पछाडी परेका छन् । “आधा आकाश र आधा धति” मानिने महिलाहरुको हक अधिकार र उनिहरुको पिडा, वेदना र निष्क्रिय जिवनले समाज विकासको गतिलाई अवरुद्ध पारेको छ । यसको फलस्वरुप महिलाको चेतनामा कमि छ, अधिकार उपयोग गर्नमा पछि परेका छन्, राजनितीक नेतृत्वमा पछि परेका छन्, प्रसासनको नेतृत्वतहमा पुग्न सकेका छैनन्, संवैधानिक अंगहरुमा सिलो खोज्नु पर्ने अवस्था रहेको छ । कानुनको निर्माणमा, वजेटको तर्जुमामा, योजना कार्यान्वयनमा, विकासको फल वाँढफाँड गर्नेमा, राज्यवाट प्राप्तहुने लाभको अंश प्राप्त गर्नेमा, सामाजिक, धार्मिक, आर्थिक, सांस्कृतिक, क्षेत्रको नेतृत्व गर्ने तहमा महिलाहरु पछि परेको स्थिती छ । यसरी एउटी महिलालाईसवै खाले अधिकार र अवसरहरु वाट वन्चित गरिदा उसको स्वाभिमान, गौरव, आत्म सम्मान, सामाजिक प्रतिष्ठामा जुन चोट पुग्छ, त्यसवाट घर परिवार मात्र होईन सिङ्गो राष्ट्र र मानव समाजनै कलंकित हुन पुग्दछ भने समाज र मानव विकासको गति रोकिन जान्छ । यस्तो अवस्थामा महिलाहरुलाई सवै दृष्टिकोणले विकास गरेर पुरुष सरह वनाउनु आजको विकासको

प्रमुख चुनौतिको रुपमा देखा परेको छ । त्यस्तै गरि महिला विकासका लागी महिलाहहरुका विभिन्न खालका सवालहरु जस्तैः- महिलाहरुको वास्तविक आवस्यकता, उनिहरुको सशक्तिकरण पक्षको कुरा, महिला, पुरुष विचको विद्यमान खाडल पुर्ने जस्ता सवालहरुलाई समेटेर विकासका लागि प्रस्ट निती तथा कार्यक्रमहरु तय गरि कार्यान्वयन गर्नु पर्ने खाँचो टड्कारो रहेको छ । आर्थिक क्षेत्रमा पनि महिलालाई स्वतन्त्र पहुँच र नियन्त्रणको व्यवस्था गरिनु पर्छ । महिलालेनै आर्जन गरेको धन सम्पत्तिका आधारमा उनिहरु माथि नै थिचोमिचो गर्ने प्रचलनको अन्त्य गर्न यसो गर्नु जरुरी भएको हो । मतदान, उम्मेदवार र अन्य तमाम नागरिक अधिकारको वावजुत आर्थिक स्वतन्त्रताको अभावमा स्त्रीको स्वतन्त्रता सिर्फ अमुर्त र शैद्धान्तिक मात्र रहन जान्छ । पुरुष माथी आफ्नो आर्थिक निर्भरताको स्थितीमा स्त्री आफ्ना कुनै पनि भुमिका स्वावलम्वी हुन पाउँदैनन् र आत्मगौरव गर्ने अवस्था रहदैन (पहाडी, २०६९) ।

महिलाहरूको जीवनमा उनीहरूको वैवाहिक स्थितिले पनि प्रत्यक्ष प्रभाव पारेको हुन्छ । महिलाहरूको वैवाहिक स्थितिले छोरीबाट बुहारीमा परिवर्तन गराउँछ तत्पश्चात महिलाहरूको हैसियत र भूमिकामा परिवर्तन आई कर्तव्य र कार्यभार बढाउँदछ । वैवाहिक स्थितिले नै महिलाहलाई पुरूषमा निर्भर बनाउँदछ । किनभने उनीहरूको सम्पत्ति माथिको अधिकार र पुरूषबाट वा उसको विवाहित परिवारबाट मात्र प्राप्त हुन्छ तर पुरूषलाई भने जन्मदै पैतृक सम्पत्तिमा हक हुन्छ । यसका अतिरिक्त महिलाहरूको कम उमेरमा नै विवाह गरी (महिनावारी हुन अगावै) जलखान पाए पुण्य पाइन्छ भन्ने भनाइ छ जसले नारीलाई कमजोर बनाई दिएको छ (Acharya, 1997)।

नेपालमा २१ औं शताब्दीमा आई पुग्दा पनि घरदेखि लिएर नीति निर्माण प्रक्रियामा महिलाहरूलाई विभेद गरेको पाइन्छ किनकी हाम्रो पितृसत्तात्मक समाजमा महिलालाई दोस्रो दर्जाको नागरिकका रूपमा हेरिन्छ । सहकारीको नेतृत्वमा पुरूष मात्र होइन आज महिलाद्वारा सञ्चालित सहकारी पनि उल्लेख्य हुनुले यस क्षेत्रमा अन्यको तुलनामा महिलाको अग्रसर र विविध जोखिम मोलेर पनि महिलाहरू सहभागी छन् भन्ने देखाउँदछ । लैङ्गिक दृष्टिकोणले पनि महिलाहरूले सञ्चालन गरेका सहकारीले जनतालाई बढी विश्वासिलो र रचनात्मक सेवा दिएका छन् । २०६९ को तथ्यांक अनुसार नेपालमा २६,५०१ प्रारम्भिक सहकारी संस्था छन् । जसमा महिला सहकारी संस्था २५५० रहेका छन् भने नेतृत्वमा महिला २२ प्रतिशत रहेको छ । महिलालाई आत्म निर्भर बनाउने मुख्य क्षेत्र सहकारी हो” (मल्ल र जोशी, २०६९) ।

अबका महिला मतदाता मात्र होइनन् राज्य र समाजका मेरूदण्ड पनि हुन् । यसलाई सबैले स्वीकार्नु पर्छ । संविधान देशको मूल कानुन हो । संविधानमा महिलाको वंश र अंश सम्बन्धी अधिकारको व्यवस्था महिला हिंसा र मुक्तिको प्रश्न उल्लेख हुनुपर्दछ । कुरीति र कुसंस्कारलाई तह लगाउने हतियार देशको कानुन भएकोले महिलाप्रति भेदभाव पूर्ण कानुनको खारेजी र समानतामा आधारित कानुनको निर्माण समाजको उत्पीडन उखेल्ने कडी हो । यी सम्पूर्ण कार्यका लागि सबैमा आँट र साहस अनि तत्परताको आवश्यकता छ (पन्थी, २०६९) ।

राष्ट्रिय जनगणना २०५८ अनुसार नेपालमा महिलाको साक्षरता ४२ प्रतिशत मात्र कायम छ भने पुरूषको साक्षरता प्रतिशत ६५ रहेको छ । कुल जनसङ्ख्यको ३१ प्रतिशत मध्ये ९० प्रतिशत कृषि पेसामा नै आश्रित छन् । वास्तवमा १२ वा १३ घण्टासम्म लगातार घरायसी, बच्चाको स्याहार सुसार, खेतबारी, व्यापार तथा नोकरी इत्यादि समेतमा महिलाले पुरूषसँग समान अझ बढी समय र श्रम स्रोत खर्चिन्छन् । तथापि नारीहरूलाई दोहोरो बोझ बोक्नु पर्ने प्रतिकूल अवस्थामा समेत समाजले महिलाको जीवन प्रणालीलाई सार्थक बनाई हक र अधिकार माथि कसरी बढी जिम्मेवारीपन दर्शाउने हो, विचार विमर्श समेत गर्न हिच्किचाउँदछन् । नेपालको भू-स्वामित्वमा १० प्रतिशत मात्र स्थान नारीको नाममा रहनु, नारीमाथि पूर्णतया अविश्वास, आत्मीयता माथि कमी, साथै सामाजिक चिन्तनमा स्थायित्वको अभाव तथा पुरूष वर्गको महिलालाई पराधिन गर्ने मनस्थिति नै छचल्किन्छ । २०६४ साल चैत्र २८ गते सम्पन्न ६०१ सदस्यीय संविधान सभाको चुनावको नतिजाले १९६ महिला सभासद चुनिए । साथै सबै विश्वविद्यालयहरूमा २९ प्रतिशत महिला सदस्यको जमघट जस्ता केही प्रगतिका प्रारम्भिक सङ्केत देखा परे तापनि सर्वोच्च अदालतमा १५ मध्ये २, पुनरावेदन अदालतमा ६१ मा १ मात्र तथा जिल्ला अदालतमा १३८ मा २ सदस्यको फेहरिस्ता तथा विशिष्ट श्रेणीमा ५३ मा १, प्रथम श्रेणीमा ३६२ मा १९, द्वितीय श्रेणीमा ७ ८७० मा ४२५ तथा अनंकृतमा ७१,९१२ मा ८२१२ मात्र सदस्य छन् । साथै कुटनीतिको क्षेत्रमा २५ राजदूतमा २ मात्रै कायम हुनुले महिलाको समावेशी चरित्र माथि कत्तिको न्यूनीकरण तथा हेपाहा दृष्टिकोण संस्थागत निर्णय क्षेत्रले अंगिकार गरेको छ । हाल प्रारम्भिक चरणमा सुरक्षा निकायमा महिलालाई स्थान दिइए तापनि मुलत कसरी उनीहरूको स्तर सङ्ख्यात्मक तथा गुणात्मक रूपमा अग्रसर हुने अध्ययन गर्न जरूरी छ । राष्ट्रिय आयमा महिलाको योगदान ३० प्रतिशत कायम छ भने प्रशासनिक क्षेत्रमा १२ प्रतिशत मात्र देखिन्छ (घिमिरे, २०६५) ।

एक छिनको र्याली, नारा, प्लेकार्ड र भाषणले मात्र महिला अधिकार सम्भव छैन । समाजमा विधमान विभेद हिँसा र अन्यायको अन्त्य गर्न महिलामात्र होईन, महिला, पुरुष दुवैको आवस्यकता र सहभागीता अपरिहार्य छ । नेपाली महिलाको उत्थानका निम्ती सामाजिक, न्यायिक दृष्टिकोण आवस्यक छ । नारीहरुलाई सन्तान जन्माउन, घर गृहस्थिमामात्र सिमित नराखी समाजका गतिवीधिमा समान सहभागीतामा अगाडी ल्याउन हरेक क्षेत्रको सहयोग आवस्यक हुन्छ । महिला आरक्षण मात्र होईन प्रतिष्पर्धामा आउने वनाउनु पर्छ (ढकाल, २०६९) ।

नेपाल सायद विश्वमा मात्र त्यस्तो देश होला जहाँ महिलालाई भन्दा पशुलाई बढी अधिकार दिइएको छ । महिला हिंसाको विरोधमा सडकमा उत्रनेलाई थाहा छ कि छैन, नेपालको कानुनमा बलात्कार भए कानुनी कारवाही अघि बढाउन उजुरी गर्नुपर्ने हदम्याद महिलाको केसभन्दा पशुको केसमा बढी छ । महिलाको बलात्कार भए ३५ दिन भित्र उजुरी गर्नुपर्छ (स्त्री जाति चौपाया) को बलात्कार भए १ वर्षको म्याद रहेको छ (www.mysansar.com)।

नेपाली महिलाहरू मिहिनेती, परिश्रमी भए तापनि अन्तर्राष्ट्रिय श्रम बजारमा कम ज्याला र असुरक्षित तवरले काम गर्न बाध्य भएका छन् भने विशेष गरी महिलाहरूको सुरक्षाको सरकारले कुनै ग्यारेन्टी नलिएको कारण पनि महिलाहरू समस्यामा फस्दै गएका छन् । हाम्रो सरकारी नीति नियम लचिलो एवं पारदर्शी नभएर र सरकारले आप्रवासी महिलाहरूको लागि कुनै कार्यक्रम तर्जुमा नगरेकाले यो समस्या चर्कदै गएको हो । साथै यता राज्य पक्षले महिलाहरूको यस्तो संवेदनशीलताको विषयलाई बेवास्ता गरेको बेलामा उता महिला मन्त्रालयमा महिला मन्त्री, महिला अधिकारवादीहरू नै यस विषयमा मौन रहनु र महिला भएर पनि महिलाको समस्याहरूलाई सम्बोधन गर्न नसक्नु दुर्भाग्यपूर्ण रहेको छ । महिला र पुरूषमा समान अधिकार हुनुपर्छ भनी वकालत गर्ने महिला अधिकारवादीहरू जो राज्यको नीति निर्माण तहमा आसिन छन् । उनीहरूबाट नै महिलाप्रति सौतेनी व्यवहार भइरहेको छ । । महिला पुरूष समानान्तर भन्ने नारा त हात्तीको बाहिरी देखाउने दाँत सरह भएको छ । (अनलाइन साहित्य रिचा शर्मा तिवारी)

**२.३.२ नेपालमा भएका अध्ययनहरु**

१) social and symbolic roles of high caste women in Nepal भन्ने article मा auther ले नारीकोटको घरायसी अर्थतन्त्रमा कृषिनै प्रमुख श्रोत हो भन्ने कुरा देखाईएको छ । कृषि कार्यका लागी घरको जेठोवाठो पुरुषले व्यवस्था मिलाउछ भने महिला पुरुष दुवै काममा सम्लग्न हुन्छन् । कुटानी पिसानी देखि लिएर सम्पुर्ण घर भित्रका कार्यमा

महिलाको भुमिका निकै वढि रहेको देखाइएको छ । त्यस्तै गरी यस पुस्तकमा हिन्दु जातको समाजमा महिला पुरूष बीचको सम्बन्धलाई व्याख्या गर्दै महिलाहरूको न्यून सामाजिक, आर्थिक, संस्कारगत तथा धार्मिक अवस्थालाई औंल्याइएको छ । जसको मूल कारण महिलाप्रतिको नकारात्मक सामाजिक दृष्टिकोणलाई लिईएको छ । प्रत्येक तह र तप्काबाट महिला माथि शोषण र दमन गरिने देखाईएको छ । महिलाहरू हरहमेसा पुरूषहरूको नियन्त्रणमा रहनु पर्ने, प्रत्येक सामाजिक कार्यमा महिलाको अनिवार्य सहभागिता र महत्त्वपूर्ण भूमिका रहने तथा महिलालाई विभिन्न तहमा अशुद्ध तथा जुठो देखाउने हिन्दु प्रवृत्ति र मान्यताको प्रभाव रहिरहनु जस्ता अवस्थाले महिलाको अवस्थामाथि उठ्न नसकेको स्थिती छ । (Benneth Lynn, 2005).

२) Professional Women and Development: A Case Study of Kathmandu Valley" नामक अनुसन्धान कृतिमा अशिक्षित महिलाहरुको तुलनामा शिक्षित महिलाको जीवनस्तर उच्च रहेको निष्कर्ष निकालिएता पनि शिक्षित व्यवसायिक महिलाहरुले पनि पुरुषको तुलनामा कमै अवसर पाएका छन् । उहाँका अनुसार व्यवसायिक महिलाहरुमध्ये पनि शिक्षिकाहरु तुलनात्मक रुपमा बढी सन्तुष्ट र सामाजिक उत्थानमा बढी योगदान गर्न सक्षम रहेको पाइएको छ । महिलाहरुको स्थिति सिधै तिनीहरुका शैक्षिक स्थितिसँग सम्बन्धित हुन्छ तसर्थ बढी आयको लागि महिलाहरुको शिक्षा स्तर पनि बढी हुनु जरुरी छ ( शर्मा, १९८०) ।

### २.३.३ राष्ट्रिय निती, नियम तथा योजनाहरुमा महिलाको अवस्था

नवौं पञ्च वर्षिय योजना (२०५४-२०५९) मा महिलालाई विकासका हरेक क्षेत्रहरुमा सक्रिय सहभागी बनाउने उद्देश्यले विभिन्न नीतिहरुमा महिलालाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्दै, लैङ्गिक भेदभाव हटाउने, महिला सशक्तिकरण गर्ने जस्ता नीतिहरुलाई अगिंकार गरिएको छ । महिला बालबालिका तथा समाज कल्याण सम्बन्धी कार्य गर्नको लागि छुट्टै निकायको आवश्यकता महशुस गरी २०५२ सालमा महिला तथा समाजकल्याण मन्त्रालयको स्थापना गरिएको छ । हाल योजना आयोगको सचिवालय सहित ६ वटा मन्त्रालय तथा सचिवालयहरु अन्तर्गत महिला सम्बन्धी इकाई स्थापना गरी महिला उत्थान तथा विकास कार्यमा संलग्नता गराइएको छ । सोका अलावा महिला विरुद्ध हुने यातना एवं अवरोध बारेमा सुनुवाई तथा अनुसन्धान गर्न नेपाल प्रहरीमा समेत एक महिला सेलको स्थापना भएको छ भने नेपाली आर्मीको विभिन्न विभागहरुमा पनि नेपाली महिलाहरुलाई समावेश गराइएको छ ।

यसका साथै स्कुलमा छात्रहरुको संख्या वृद्धि गर्न विभिन्न प्रोत्साहनमूलक कार्यक्रम संचालन गरिएको छ ।

दशौं योजना (२०५९-२०६४) को दिगो आर्थिक वृद्धि र गरिवी निवारणको लक्ष्य हासिल गर्न महिला विरुद्धका सबै भेदभावहरु उन्मुलन गर्दै महिला विकास परिसुचांकमा अभिवृद्धि गरी महिला अधिकारको आधारमा समानता/समतामूलक समाज निर्माण गर्न मुख्य उद्देश्य राखिएको छ । यी उद्देश्य हासिल गर्न लैङ्गिक विकास सूचाङ्क (GDI) ०.५५० मा पुऱ्याउने, लैङ्गिक सशक्तिकरण मापन (GEM) ०.५००० मा पुऱ्याउने नीति, नीति-निर्माणमा महिला सहभागिता कम्तिमा २० प्रतिशत पुऱ्याउने जस्ता मुख्य परिणात्मक लक्ष्यहरु निर्धारण गरिएका छन् । निर्धारित उद्देश्य तथा लक्ष्यहरु हासिल गर्न निम्न अनुसारको रणनीति निर्धारण गरिएका छन् ।

- महिलावर्गको सहभागितामा सम्बद्ध क्षेत्रगत नीति तथा महिला लक्षित कार्यक्रमहरुको तर्जुमा कार्यान्वयन, समन्वय, मूल्याङ्कन र अनुगमन प्रक्रियालाई समन्वयात्मक रुपमा प्रभावकारी बनाउने ।
- स्थानीय स्तरमा संचालन गरिने गरिवी निवारण एवं आय-आर्जन लगायतका आयोजनाको सबै चक्रमा महिलाको सहभागिता वृद्धि गर्ने ।
- सबै वर्ग एवं तहमा लैङ्गिक समानताको चेतना अभिवृद्धि गर्ने ।
- महिला विरुद्धका भेदभावपूर्ण कानुनलाई समानता र अन्तराष्ट्रिय प्रतिवद्धताको आधारमा संशोधन गर्ने ।

महिलाहरुको आर्थिक तथा सामाजिक रुपान्तरणका लागी ऐन, नियम, कार्ययोजना साथै सवै जिल्लाहरुमा विभिन्न कार्यक्रम मार्फत लैङ्गीक समानता तथा महिला सशक्तिकरण गर्ने प्रयास भएका छन् । पैत्रिक सम्पत्ति माथी समान हक, सामाजिक सुरक्षा र सामाजिक न्यायको क्षेत्रमा भएका प्रयासवाट केही सुधार देखिन थालेका छन् । राज्यले अन्तराष्ट्रिय स्तरमा जनाएका प्रतिवद्धतालाई कार्यान्वयनमा ल्याउन मानव वेचविखन तथा ओसार पसार एवं घरेलु हिंसा नियन्त्रण गर्न कानुनहरु कार्यान्वयनमा ल्याईएको छ । मानव वेचविखन तथा लैंगिक हिंसावाट पिडितहरुको तत्काल उद्धार तथा सहयोगका लागि कोषहरुको स्थापना गरी व्यवस्थापन र परिचालन गरिनुका साथै एकल महिलाहरुको हित संरक्षणको कार्य गर्नका लागी एकल महिला सुरक्षा कोष कार्यान्वयनमा ल्याईएको छ ।

महिला विरुद्ध हुने सवै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि कार्यान्वयनको लागी तयार गरिएको राष्ट्रिय कार्ययोजना २०६०, लैंगिक समानता तथा महिला सशक्तिकरण राष्ट्रिय कार्ययोजना २०६१, लैंगिक हिंसा अन्त्य तथा लैंगिक सशक्तिकरण सम्वन्धि कार्ययोजना (२०६९/७०-०७३/०७४) तथा संयुक्त राष्ट्र संघ, सुरक्षा परिषदवाट पारित प्रस्ताव नम्वर १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजना (२०६७/६८-०७१/०७२) कार्यान्वयनमा रहेका छन् । घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ तथा नियमावली, २०६७ जारी भए पछि महिला माथी हुने हिंसाको अन्त्यका लागी प्रभावकारी कानुनी आधार तयार भएको छ । लैंगिक हिंसा

निवारण कोष नियमावली २०६७, कार्यान्वयनमा आई लैंगिक हिंसा निवारण कोष स्थापना भएको छ । लैंगिक हिंसामा परेकाहरुका लागी तत्काल उद्धार, औषधी उपचार, कानुनी सहायता तथा पुनः स्थापनाका कार्यहरु भई रहेका छन् । एकल महिला सुरक्षा कोष (संचालन) नियमावली, २०७० कार्यान्वयनमा आएको छ । निजामती सेवा (१५.३%) पुगेको, नेपाल प्रहरी, नेपाल ससस्त्र प्रहरी, नेपाली सेना लगायत राज्यका विभिन्न अंगहरुमा महिला सहभागीता वढ्दै गएको छ । लैंगिक उत्तरदायी वजेट मार्फत मुलुकको कुल वजेटको २१.७५% को अनुपात र स्थानिय निकायमा जाने अनुदानको कम्तिमा १०% रकम महिला सशत्तिकरण तर्फ छुट्याउनु पर्ने व्यवस्था भएको छ । विपन्न ग्रामिण महिलाका लागी वैकल्पिक अवसर सिर्जना गर्ने गरी संचालित महिला विकास कार्यक्रम आर्थिक वर्ष २०६९/०७० को अन्त सम्ममा देशका ७५ वटै जिल्लाका ३६३६ गा.वि.स मा विस्तार भई सकेको छ । महिला विकास कार्यक्रममा लक्षित महिलाको सहभागीता ७ लाख ८१ हृजार पुगेको छ । घरेलु हिंसा र यौन जन्य दुव्यवहारवाट प्रभावित महिलाका लागी १५ जिल्लामा सेवा केन्द्र संचालनमा आएका छन् । नेपालले सह्रस्राव्दी विकास लक्ष्य प्राप्तीका लागी गरेको प्रयासवाट मातृमृत्यु दरमा सुधार आई प्रति १ लाख मा १७० मा झरेको छ । महिलाहरुको कुल साक्षरता दर ५७% भन्दा वढि पुगेको छ भने १५-२४ वर्षको महिलाहरुको साक्षरता दर ८५% पुगेको छ (तेह्रौ योजना, आर्थिक वर्ष २०७०/०७१-०७२/०७३) ।

नेपालको कानुनी सहायता सम्बन्धी विद्यमान कानुनहरूको विश्लेषण गर्दा कानुनी सहायताको कार्यक्रममा लैङ्गिक संवेदनशीलता नभएको देखिन्छ । कानुनी सहायता सम्बन्धी ऐन, २०५४ अन्तर्गत केन्द्रीय कानुनी सहायता समिति तथा जिल्ला कानुनी सहायता समितिको गठन गर्दा उक्त समितिमा महिलाहरूको प्रतिनिधित्व भएको पाइँदैन । पीडित महिला तथा बालबालिकासँग सम्बन्धित मुद्दाहरू सकेसम्म लैङ्गिक समानता र महिलाको क्षेत्रमा विशेष अनुभव हासिल गरेका व्यक्ति तथा न्यायधीशहरूबाट हेरिनु पर्नेमा ऐनमा सो प्रावधान पनि कतै छैन । न्यायमा महिलाहरूको पहुँच सशक्त बनाउने दिशामा यसलाई एउटा ठूलो कमजोरीको रूपमा लिन सकिन्छ (तुलाधर र थापा, २०५९) ।

कुनै ऐन कानुन सुधार वा संशोधन गर्दैमा महिलाको उत्थान तथा विकास हुने पनि होइन । यसका निम्ति गरिबी, अशिक्षा, अज्ञानता, पछौटेपन, गलत परम्परा, सामाजिक एवं धार्मिक कुरीति र कुसंस्कार तथा अचेतनालाई हटाउन पनि त्यति नै प्रभावकारी कदम चाल्न आवश्यक हुन्छ । जबसम्म यी समस्याहरूको निराकरण मूल्य र मान्यता तथा मानव अधिकारवादी सोच र दृष्टिकोणमा पनि परिवर्तन आउन सक्दैन । तसर्थ अशिक्षित नारीलाई शिक्षित बनाई परिवर्तित सामाजिक मूल्य र मान्यतामा तथा मानव अधिकारवादी सोच र दृष्टिकोणका आधारमा महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव र असमानताहरू हटाउने कार्य गर्नुपर्छ । महिलाहरूलाई कम्तीमा पनि पुरूष सरह विकास नगरेसम्म महिला अधिकार तथा

मानव अधिकारको चुनौती रही नै रहने छ । यसमा समयानुकूल परिवर्तन आजको माग हो ( शाखा:, २०५९) ।

नेपाल धर्म निरपेक्ष राज्य भनी घोषण पनि भइसकेको छ तर विगतदेखि अहिलेसम्म धर्म, संस्कृतिको नाममा महिलाहरूले जुन उत्पीडन भोग्दै आएका छन्, त्यस्ता कुरालाई व्यवहारबाटै अन्त्य गरिनु पर्दछ । महिलालाई नीति निर्माण गर्ने थलोमा पुऱ्याउने, महिला शिक्षाको व्यवस्था निःशुल्क हुनुपर्ने, त्यसैगरी प्रजनन स्वास्थ्य, रोजगारी, नागरिकताको सवाल, अंश र वंशजको अधिकारलाई महिलाको मौलिक हकमा अबको संविधानमा उल्लेख गर्नुपर्दछ । अहिलेसम्मको महिला आन्दोलनलाई हेर्दा नालापानीको लडाइँदेखि लिएर २००७, २०१७, २०२६, २०२८ सालको आन्दोलन र २०४६ सालको जनआन्दोलन, जनयुद्ध, १९ दिने जनआन्दोलन सबैलाई हेर्दा महिलाहरू थुप्रै आन्दोलनमा सहभागी भएको पाइन्छ । तर हक अधिकार पाउने बेलामा भने महिलाहरू धेरै पछाडी परेका छन् । त्यसैले महिला मुक्ती आन्दोलनलाई वर्गीय आन्दोलनसँगै लैजानुपर्दछ (चौधरी, २०६६) ।

अन्तरिम संविधानले पहिलो पटक महिलाको हकलाई छुट्टै मौलिक हकको रूपमा व्यवस्था गरेको छ । जस अन्तर्गत महिला भएकै कारणहरूबाट कुनै पनि किसिमको भेदभाव नगरिने प्रत्याभूति गरेको छ । त्यस्तै प्रत्येक महिलालाई प्रजनन स्वास्थ्य तथा प्रजनन सम्बन्धी हक हुने व्यवस्था गरेका छन् । कुनै पनि महिला विरूद्ध शारीरिक, मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गरिने छैन र त्यस्तो कार्य कानुनद्वारा दण्डनीय हुने व्यवस्था गरेको छ । पैतृक सम्पत्तिमा छोराछोरीलाई समान हक हुने व्यवस्था गरेको छ । तर महिलाका विषयहरूलाई संविधानका कुनै स्थानमा उल्लेख गर्दैमा ती समस्याहरू स्वतः समाधान हुने होइनन् । संविधानले उल्लेख गरेका अधिकार अन्तर्गत मौलिक सिद्धान्त, व्यक्तिगत अधिकार र स्वतन्त्रता, राजनीतिक अधिकार, आर्थिक अधिकार, हिंसा विरूद्धको अधिकार, राजनीतिक प्रतिनिधित्वको अधिकार, सहभागिता, राजनीतिक दल सम्बन्धी व्यवस्था, नागरिकता, संवैधानिक निकाय र अन्य अङ्गहरू जस्ता विषय अन्तर्गत महिलाका अधिकार विषयहरूलाई उठाउनु पर्दछ (ढुङ्गाना, २०६७)

**नेपालको संविधान २०७२ ले महिला सम्वन्धि निम्नलिखित हकहरुको व्यवस्था गरेको छ ।**

- प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सम्वन्धि हक हुनेछ ।
- प्रत्येक महिलालाई लैङ्गीक भेदभाव विना समान वंशिय हक हुनेछ ।
- महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसीक, यौनजन्य मनोवैज्ञानिक वा अन्य कुनै किसीमको हिँसाजन्य कार्य वा

शोषण गरिने छैन । त्यसको कार्य कानुन वमोजिम दण्डनिय हुने र पिडित लाई कानुन वमोजिम क्षतीपुर्ति पाउने हक हुने कुरा उल्लेख गरिएको छ ।

- राज्यका सवै निकायमा महिलालाई समानुपातिक समावेशि सिद्धान्तका आधारमा सहभागी हुने हक हुनेछ ।
- महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक शुरक्षामा सकारात्मक विवेकका आधारमा विशेष अवसर प्राप्त गर्नेहक हुनेछ ।
- सम्पत्ति तथा पारीवारीक मामलामा दम्पत्तिको समान हक हुने कुरा उल्लेख गरिएको छ (नेपालको संविधान २०७२) ।

**नेपालको संविधान २०७२ ले महिला सम्वन्धि निम्न लिखीत सामाजिक न्याय र समावेशिकरण सम्वन्धि नितीको व्यवस्था भएको कुरा उल्लेख गरिएको छ ।**

- असहाय अवस्थामा रहेका एकल महिलालाई सिप, क्षमता र योग्यताको आधारमा रोजगारीमा प्राथमिकता दिदै जिविकोपार्जनका लागी समुचित व्यवस्था गर्दै जाने ।
- जोखिममा परेका सामाजिक र पारिवारीक वहिष्करणमा परेका तथा हिँसा पिडित महिलालाई पुनः स्थापना संरक्षण सशक्तिकरण गरी स्वावलम्वी वनाउने ।
- प्रजनन् अवस्थामा आवस्यक सेवा सुविधा उपभोगको सुनिश्चितता गर्ने ।
- वालवच्चाको पालन पोषण परिवारको हेरचाह जस्ता काम र योगदानलाई आर्थिक रुपमा मुल्यांकन गर्ने, (नेपालको संविधान २०७२) ।

नेपालको सन्दर्भमा माथि उल्लेखित विभिन्न व्यक्ति तथा संघ संस्थाहरुले गरेका विभिन्न अनुसन्धान तथा लेख रचनाहरुलाई समस्टिगत रुपमा विश्लेषण गर्दा यि अनुसन्धानहरुमा पुरुषहरुको तुलनामा महिलाहरुको साक्षरता दरमा कमि रहेको, घरायसी कामकाज, वालवच्चा रेखदेख, आर्थिक, सामाजिक तथा सांस्कृतिक क्रियाकलापहरुमा समेत महिलाको सहभागीता न्युन रहेको देखिन्छ । त्यस्तै गरि चल अचल सम्पत्तिमा पनि महिलाहरुको एकदमै न्युन मात्रामा पहुँच रहेको देखिन्छ भने अर्को तिर शिक्षीत महिलाहरुको तुलनामा अशिक्षीत महिलाहरुको जिवनस्तर न्युन रहेको र शिक्षीत महिलाहरुको तुलनामा पुरुषहरुको जिवनस्तर उच्च रहेको देखिन्छ । महिलाहरु जति सुकै शिक्षीत, सक्षम भएता पनि पुरुषको तुलनामा महिलाको जिवनस्तर न्युन नै देखिन्छ र घरको हरेक क्रियाकलापहरुमा पुरुषको तुलनामा महिलाहरुको नै वढि सहभागिता हुने गरेको माथिका सन्दर्भहरुवाट प्रष्ट हुन्छ । त्यस्तै गरि नेपालमा वनाईएका विभिन्न राष्ट्रिय निती नियम तथा योजनाहरुमा महिलाहरुका लागी भनेर छुट्टै किसीमका निती नियमहरु त वनाइएको छ तर ति निती नियमहरु कागजमा मात्रै सिमित रहेको देखिन्छ । भने ति निती नियमहरुलाई कार्यान्वयन गर्ने तर्फ कमैको मात्र चासो गएको देखिन्छ । ग्रामिण, पिछडिएको वर्ग तथा समुदायअनि दुर्गम भेगका महिलाहरुलाई त यसवारे कुनै किसिमको

जानकारीनै हुदैन । त्यसैले नेपालमा वनाइएका महिलाहरु सम्वन्धि जुनसुकै निती नियम, योजना तथा महिलाहरु सम्वन्धि अधिकारहरुलाई ग्रामिण, पिछडिएको वर्ग तथा समुदाय अनि दुर्गम भेगका महिलाहरुलाई समेत जानकारी दिदै कार्यान्वयनको वाटो तर्फ नेपाल सरकार उन्मुख हुनुपर्ने आजको आवस्यकता रहेको छ । विभिन्न निती नियम तथा योजनाहरुमा त भन्ने गरिएको छ महिलाहरुले पुरुष सरहनै हक अअिकार उपभोग गर्न पाउनु पर्छ, महिलाहरुलाई भनेरनै छुट्टै किसीमको हक अधिकार, निती नियम वनाइएका छन् तर ति निती नियम, अधिकार हरुवाट अझ पनि ग्रामिण भेगका महिलाहरु वन्चित नै हुनु पर्ने अवस्था विद्यमान कायम रहेको छ । त्यसैले यसलाई कार्यान्वयन गर्न तर्फ हरेक तह र तप्कावाट सरकारी तथा गैर सरकारी निकायहरु लाग्नु आजको आवस्यकता रहेको छ ।

यि माथिका सन्दर्भहरुमा महिलाको घरायसी निर्णय, आर्थिक, सामाजिक, सांस्कृतिक एवं शैक्षिक स्तरमा महिलाको अवस्था त्यस्तै चल अचल सम्पत्ति माथी महिलाको अधिकारको वारेमा विस्तृतरुपमा उठान गरिएको छ । यि विभिन्न उठान गरिएका मुद्धाहरु यस अनुसन्धानका उदेश्यहरु संग प्रत्येक्ष तथा अप्रत्येक्ष रुपमा मेल खान्छ भन्ने कुरा नकार्न सकिदैन । तर पनि यि अनुसन्धानहरु नेपालको फरक फरक समुदाय तथा जातजातीहरुमा गरिएका कारण मेल खान्छन् भन्ने कुरा नकार्न सकिदैन । हरेक समाज तथा जातजातीहरुमा महिलाहरु प्रति गर्ने व्यवहार, महिलाहरुलाई हेर्ने दृष्टिकोण, महिलाहरुको सामाजिक, अर्थिक, सांस्कृतिक तथा शैक्षिक हैसियत, महिलाहरुको घरायसी तथा वाह्य क्रियाकलापहरुमा उपस्थिती तथा भुमिका फरक फरक किसीमको हुने गर्दछ । त्यसकारण यस अनुसन्धानमा पनि मध्य पश्चिमाञ्चल विकास क्षेत्रको थारु महिलाहरुमा घरायसी निर्णय निर्माण प्रक्रिया, उनिहरुको सामाजिक, आर्थिक अवस्था र चल अचल सम्पत्ति माथीको अधिकारको वारेमा थप तथा विस्तृत अनुसन्धान गरिएको छ । जसका वारेमा माथीका यि सन्दर्भहरु अपुर्ण रहेका छन् ।

# अध्याय : तिन

# अनुसन्धान पद्धती

### ३.१. अनुसन्धान क्षेत्रको छनोट

यस अध्ययनमा अध्ययन क्षेत्रका रूपमा दाङ जिल्ला डूरूवा गा.वि.स.को वडा नं. ७ र ८ लाई लिइएको छ । जुनसुकै समाजमा पनि महिलाहरूलाई दोस्रो दर्जाको रूपमा हेर्ने प्रवृत्ति, महिलाहरूमा निर्णय प्रक्रियामा कम पहुँच हुने भएकोले तत्सम्बन्धी जानकारी लिनको लागि उपरोक्त क्षेत्र छनोट गरिएको हो । अध्ययनकर्ता पनि सोही जिल्लाकै बासिन्दा भएको, थारू समुदाय विशेष गरी कृषि पेसा संलग्न हुने र झट्ट बाहिरबाट हेर्दा पनि थारू महिलाहरू घरायसी काममा नै व्यस्त रहने भएकोले र आफ्नै ठाउँको थारू महिलाहरूको निर्णय प्रक्रियामा कस्तो सहभागिता रहेको छ भन्ने कुरा मेरो कौतुहलताको विषय परेकोले र यस प्रति सम्बन्धित क्षेत्रको हालसम्म गहन अध्ययन पनि नभएकोले त्यस सम्बन्धी जानकारी लिनका लागि उपरोक्त क्षेत्र छनोट गरिएको थियो ।

### ३.२ नमुना छनोट

यो अध्ययन पूर्ण रूपमा डूरूवा गा.वि.स.को वडा नं. ७ र ८ मा मात्र सीमित रहेको थियो । अध्ययन क्षेत्रमा कुल ४७८ घरपरिवारको बसोबास रहेको छ । यी वडाहरुमा १०३ थारू घरपरिवारहरूको बसोबास रहेको छ, जसमध्ये अध्ययनको सरलताको लागि कुल १०३ थारू परिवारबाट साधारण सम्भावना युक्त नमुना छनोटबाट ५० विवाहित महिलालाई उत्तरदाताको रूपमा छनोट गरिएको छ । अध्ययनका क्रममा साधारण सम्भावना युक्त  नमुना छनोट विधि अन्तर्गत गोला प्रथाको प्रयोग गरिएको छ । जस अन्तर्गत किष्ट ग्रिडको प्रयोग गरी कुल १०३ थारु परिवारका घरमुलीको नाम लिष्ट तयार पारिएको थियो । उक्त नाम लिष्टलाई २ भागमा विभाजन गरी १ र २ लेखेको गोला वनाएर त्यहाँ उपस्थित सहभागीलाई २ वटा गोला मध्ये कुनै एउटा गोला तान्न लगाई उक्त गोलामा १ लेखिएको गोला परेको छ भने कमशः १, ३, ५, ७, ९, ११............१०३ नं स्कीप गर्दै घरधुरी लिएको थियो भने २ नं लेखिएको गोला परेको छ भने २, ४, ६, ८, १०, १२..............देखी १०२ नं स्किप गर्दै प्रत्येक घरधुरीवाट १ जना विवाहित महिलालाई अन्तवार्तामा समावेश गरिएको थियो ।

### ३.३ तथ्याङ्क सङ्कलनका विधिहरू

यस अध्ययनमा अध्ययनका क्रममा प्राथमिक तथा द्वितीय स्रोतबाट तथ्याङ्कहरू सङ्कलन गरिएको छ । प्राथमिक तथ्यांकका स्रोतहरुमा सम्वन्धित क्षेत्रमा गएर उत्तरदाता संग प्रत्यक्ष भेटेर प्रश्नावली, अन्तर्वार्ता, अवलोकन, व्यक्तिगत अध्ययन गरिएको छ भने द्वितीय स्रोतबाट तथ्याङ्क लिंदा सम्बन्धित पुस्तकहरू, शोधपत्रहरू, पत्रपत्रिका, स्थानीय सङ्घ संस्थाको रेकर्ड, जनगणना, लेख रचना तथा कृतिहरू आदि वाट लिइएको छ ।

### ३.१.१ अन्तर्वार्ता विधि

अध्ययनका क्रममा आवश्यक तथ्याङ्कहरू प्राप्त गर्नका लागि व्यक्तिगत रूपमा अन्तर्वार्ता लिएको थियो । अन्तर्वार्तामा ५० जना विवाहित महिलाहरूलाई समावेश गरिएको छ । अन्तर्वार्तामा वन्द तथा खुल्ला खालका प्रश्नहरु सोधिएको छ । जसमा उत्तरदातालाई सम्बन्धित विषयमा आफ्ना विचार राख्न प्रोत्साहन गरिएको छ । उक्त अन्तर्वार्तामा उत्तरदातामा थारू महिलाहरूको घरायसी निर्णय निर्माण प्रक्रियामा कस्तो सहभागिता, भूमिका, अवस्था र उनीहरूको आर्थिक पृष्ठभूमि, शैक्षिक अवस्था, सम्पत्तिमाथिको अधिकार सम्बन्धित महिलाहरूमा के-कस्तो रहेको छ भन्ने खालका प्रश्नहरू सोधी तथ्याङ्कहरू सङ्कलन गरिएको छ ।

### ३.३.२ व्यक्तिगत अध्ययन

व्यक्तिगत अध्ययन विधि पनि एउटा महत्त्वपूर्ण अनुसन्धानको माध्यम हो । जसबाट कुनै व्यक्तिको सम्पूर्ण जीवन शैलीको ज्ञान हुन्छ । प्रस्तुत अध्ययनमा डुरुवा गा.वि.स. का वडा नं. ७ र ८ मा अवस्थित उत्तरदाता महिलाहरु मध्ये २ जना वडा नं. ७ मा वस्ने एक जना र वडा नं. ८ मा वस्ने एक जना विवाहित महिलाहरुको प्राथमिक स्रोतवाट औपचारीक रुपमा व्यक्तिगत अध्ययन गरिएको छ । उनीहरूमाथि भएको घरायसी निर्णय निर्माण प्रक्रियालाई बुझ्नका लागि उनीहरूको जन्मदेखि हालसम्मका के-कस्तो जीवनशैली गुजारीरहनु परेको छ तिनीहरूको समग्र पक्षको अध्ययन गरिएको छ ।

### ३.५ तथ्याङ्क विश्लेषण प्रक्रिया

अध्ययनका क्रममा लिइएका सङ्ख्यात्मक तथ्याङ्कलाई आवश्यकता अनुसार तालिकामा प्रस्तुत गरी प्रतिशतमा उल्लेख गरिएको छ भने गुणात्मक तथ्याङ्कलाई वर्णन गरिएको छ ।

### ३.६ अनुसन्धानको सीमा

जुनसुकै अध्ययन/अनुसन्धानको कार्यलाई निश्चित क्षेत्र निर्धारण गरी अध्ययन गर्नुपर्ने हुन्छ । त्यसैले अध्ययनलाई सरल, सहज र प्रभावकारी बनाउन अनुसन्धानकर्ताले अध्ययनको विषयमा सीमा निर्धारण गर्नुपर्दछ । यस अध्ययनले पनि डुरूवा गा.वि.स.को दुईवटा वडा ७ र ८ लाई मात्र समेटेको छ । जहाँ निर्णय प्रक्रियाका धेरै स्वरूपहरू हुन सक्छन् तर यो अध्ययन सीमित उद्देश्यहरूमा मात्र सीमित रहेको छ जसले थारू महिलाको सबै क्षेत्रको निर्णय निर्माण

प्रक्रियालाई नसमेटी घरायसी कामकाज चलाउँदाको निर्णय प्रक्रियालाई मात्र समेट्ने जमर्को गरेको छ ।

## अध्याय–चार

# अध्ययन क्षेत्रको परिचय

## ४.१ दाङ जिल्ला

### ४.१.१ परिचय

दाङ जिल्ला मध्यपश्चिमाञ्चल विकास क्षेत्र राप्ती अञ्चलको विकासोन्मुख जिल्ला हो । यस जिल्लाको दक्षिणमा भारतको उत्तर प्रदेश, पूर्वमा प्यूठान, अर्घाखाँची र कपिलवस्तु जिल्ला उत्तरमा सल्यान, प्यूठान, रोल्पा जिल्ला र पश्चिममा वाँके र सुर्खेत जिल्ला पर्दछन् । विभिन्न धरातलीय वनावटले घेरीएको यो जिल्ला समुद्र सतह देखी २१३ मिटर उचाई वाट शुरु भई २०५८ मिटर सम्म फैलिएको छ । यो जिल्ला ८२२” देखि ८२५” पूर्वी देशान्तर तथा २७३६ मिटर देखी २८११ उत्तरी अक्षांश विच रहेको छ । यस जिल्लाको पूर्व पश्चिम लम्वाई ९० किलोमिटर र उत्तर दक्षिण चौडाई ७२ किलोमिटर छ । यस जिल्लामा कुल ३१ गाँउ विकास समिती र ४ नगरपालिका छन् । यस जिल्लामा रहेको सवै भन्दा उचाईमा रहेको ठाँउ हाँसीपूर गा.वि.स. अन्तर्गत अर्खले हो । जुन समुद्र सतह देखी २०५८ मिटरको उचाईमा रहेको छ । यस जिल्लाको सदरमुकाम घोराही ६७८ मिटर र तुल्सिपूर ६६३ मिटरको उचाईमा रहेको छ ( जि.वि.स दाङ, २०१६) ।

### ४.१.२ भौगोलिक अवस्था

भौगोलिक रुपमा यस जिल्लामा भित्री मधेशका समथर फाँटहरु, यि फाँटहरुलाई चारैतिरवाट घेर्न साना तथा मध्यम पहाडहरु समेतवाट निर्मित दुई उपत्यका र पहाडी धरातल (महाभारत तथा चुरे समेत रहेका छन् । यि उपत्यकाहरु मध्ये उत्तरी अर्थात माथिल्लो उपत्यका दाङ र दक्षिणी अर्थात तल्लो उपत्यका देउखुरीको नामले परिचीत छन् । यि दुवै उपत्यकाहरु पुर्व पश्चिम भई फैलिएर रहेका छन् । दाङ उपत्यका नेपालकै सर्वाधिक ठूलो उपत्यकाको रुपमा मात्र परिचीत नभई एसियाकै ठूलो उपत्यकाहरु मध्य एक मानिन्छ ( जि.वि.स दाङ, २०१६) ।

### ४.१.३ सामाजिक तथा सास्कृतिक अवस्था

अन्य जिल्लाहरु जस्तै दाङमा पनि विभिन्न प्रकारका जातजाती, तथा धर्मावलम्वीको वसोवास भएको पाईन्छ । वि.सं. २०६८ सालको राष्ट्रिय जनगणना अनुसार यस जिल्लामा ६२ जातजातीहरुले वसोवास गरेको पाइन्छ । यहाँका प्रमुख जातजातीहरु मध्ये थारुहरु सवै भन्दा धेरै संख्यामा (२९.५१%) छन् । त्यस पछाडी धेरै संख्यामा रहेका जातजातीहरुमा क्रमशः क्षेत्री (२४.९०%), मगर (१३.५९%), व्राहमण (१०.१४%), कामी (६.३८%) दमाई (२.६८%) सन्यासी (२.३३%) रह.का छन् भने सार्की, कुमाल, यादव र ठकुरीको संख्या १ प्रतिशत भन्दा कम रहेको छ । त्यसै गरी २०६८ कै जनगणना अनुसार यस जिल्लामा २१ प्रकारका भाषाभाषीको उपस्थित रहेको छ । जस मध्ये नेपाली भाषा मातृभाषा हुने दुई तिहाई अर्थात (६६.५४%) त्यसपछि क्रमशः थारु (२८.१२%), अवधी (१.८६%) र त्यसपछि क्रमशः मगर, खाम, हिन्दी, उर्दु आदी भाषा मातृभाषा मान्ने रहेका छन् । धर्मको दृष्टिकोणले यस जिल्लामा हिन्दुहरुको ठूलो वाहुल्यता रहेको पाइन्छ । यहाँ ८६.४६% हिन्दु, ११.६३ % वौद्ध, १.३४% क्रिश्चियन, ०.८६% इश्लाम र वाँकी प्रकृती र वराई धर्मावलम्वी रहेका छन् । त्यस्तै शिक्षाको दृष्टिले यस जिल्लाको साक्षरता दर ७०.३२% रहेको पाइएको छ भने प्राथमिक तहमा सजिलै देखिने भर्ना दर र खुद भर्नादर क्रमशः ११४.२६% र ९६.७% रहेको पाइएको छ (फ्ल्यास रिपोर्ट २०७० शिक्षा कार्यालय) । यहाँ ६०२ विद्यालय, ३१ व्टा क्याम्पस रहेका छन् । यि मध्ये ८ वटा स्नाकोत्तर र २८ वटा स्नातक तह सम्मको अध्यापन हुदै आएका छन् । सन् २०११ को आँकडामा माधारीत भई UNDP द्धारा प्रकासित मानव सुचकांकमा दाङको सो सुचकको मान ०.५३७ रहेको छ । जुन २००४ मा ०.४०९ मात्र थियो (जि.वि.स दाङ, २०१६) । ।

### ४.१.४ आर्थिक अवस्था

राष्ट्रिय जनगणना २०६८ अनुसार दाङ जिल्लाका दुई तिहाई घरपरिवार कृषि पेसामा सम्लग्न छन् । त्यसकारण पनि दाङ जिल्लाको आर्थिक मेरुदण्ड मुलतः कृषि नै हो । हाल सम्म यो जिल्ला खाध्यान्न उत्पादनको तथा मागको दृष्टिकोणले आत्मनिर्भर मात्र नभई खाध्यान्न उत्पादन वचत स्थितीमा छ । यस जिल्लामा गरिने कृषि कार्य भित्र पनि अन्नवाली, नगदेवाली, फलफूल खेती, मौरी पालन, कुखुरा पालन, पशुपालन र माछापालन उल्लेखनिय रहेका छन् । मह, दुध, मासु, मौसमी, वेमौसमी तरकारी उत्पादनका लागी यो जिल्ला मुलुककै अग्रणी जिल्लाहरु मध्ये पर्दछ तापनी यहाँको परम्परागत तथा पछौटे कृषी प्रणालीमा खासै सुधार आउन

नसकेको स्थितीलाई सजिलै सँग महशुस गर्न सकिन्छ । यसका साथै कृषिका अतिरिक्त गैह्रकृषी व्यवसाय गर्ने परिवार पनि एक तिहाई वढी अर्थात ४१% पुगेको छ । यसले यहाँका जनताहरु कृषिको अलावा अन्य व्यवसाय तर्फ आकर्षित छन् भन्ने दर्शाउँछ । दङ्गाली जनताहरु सरकारी सेवा (निजामती, प्रहरी, शिक्षण,जंगी) व्यापार व्यवसाय र वैदेशिक रोजगारमा पनि सक्रिय रहेका छन् (जि.वि.स दाङ, २०१६) ।

## ४.२ अध्ययन क्षेत्र

### ४.२.१ परिचय

डुरुवा गा.वि.स. मध्य दाङ जिल्लाको मध्य दक्षिणमा अवस्थित छ । यसको भ्रूण्डै मध्ये भुभागवाट ववई नदी पूर्व पश्चिम भई वग्दछ । हापुर र गुहारखोला यस गा.वि.स.वाट मध्य भाग तथा पश्चिम भागवाट वग्दै ववई मिसिन्छन् । यो गा.वि.सको पूर्वमा ढिकपूर र धर्ना गा.वि.स पर्दछन् भने उत्तरमा मानपूर दक्षिणमा फूलवारी एवं पश्चिममा उरहरी गा.वि.स पर्दछ । उरहरी र डुरुवालाई गुहार खोलाले छुट्याउँछ भने फूलवारी सँग चुरे पर्वत मालाको सानो श्रृंखलाले छुट्याउँछ । यस गा.वि.सका थारुहरुको वसोवास अन्य थारु समुदायको जस्तै रहेको पाईन्छ । यो गा.वि.स जिल्ला सदरमुकामवाट १३ किलोमिटर टाढा पश्चिम दक्षिणमा पर्दछ ।

यो गा.वि.स. ३१५२ हेक्टरमा फैलिएको छ । खेतीयोग्य जमिन २९११ हेक्टर रहेको छ । त्यसै गरी २४ हेक्टरमा जंगल रहेको पाईन्छ । यहाँ समशितोष्ण उष्ण मनशुनी किसीमको जलवायु छ । तापक्रम औषत २५ डिग्री सेल्सीयस देखि ३३.९ डिग्री सेल्सियस सम्म रहन्छ । सरदर वार्षिक वर्षा १७०.६ मिलिलिटर रहेको पाईन्छ । सवै भन्दा वढी वर्षा आषाढ देखी भाद्र सम्म हुन्छ । वैशाख देखी जेठ महिना अत्याधिक गर्मी र पुष माघ महिनामा अत्याधिक जाडो हुन्छ । नदी किनारमा अवस्थित रहेकाले हिंउदमा कुहिरो टम्म लाग्छ (डुरुवा गा.वि.स वस्तुस्थिती विवरण, डुरुवा, दाङ, २०७१)

### ४.२.२ सामाजिक तथा सास्कृतिक अवस्था

यस गा.वि.स.को हालको घरधुरी २७३५ र जनसंख्या १२९७९ रहेको छ । यहाँ विभिन्न जातजाति, भाषाभाषीका मानिसहरु (ब्राहमण, क्षेत्री, ठकुरी, मगर, नेवार, थारु, दमाई, कामी, सार्की, चमार, वादी, सन्यासी आदी ) वसोसास गर्दछन् भने सामाजिक रहनसहन र भेषभुषा पनि प्राय सवैको मिल्दोजुल्दो नै छ । यस गा.वि.स. मा महिलाको जनसंख्या ७०२० छ भने पुरुषको जनसंख्या ५९५९ रहेको छ । यहाँका प्रमुख जातजातीहरु मध्ये थारुहरु सवै भन्दा धेरै ६३८५, क्षेत्री ५२६५, ब्राहमण ९४१, दमाई ४९०, कामी ३८६, सन्यासी ३७०, मगर ३५४, सार्की २५७, नेवार २२१, चमार १९५, ठकुरी ३५, वादी ३१ र अन्य ४९ जना रहेका छन् । त्यसै गरी २०६८ कै जनगणना अनुसार यस गा.वि.स.मा निम्न भाषाभाषीको उपस्थित रहेको छ । जस मध्ये नेपाली भाषा मातृभाषा हुने ६६७५, थारु ६२४५, खाम २७, मगर १८, अन्य १४ जना आदी भाषा मातृभाषा मान्ने रहेका छन् । त्यस्तै शिक्षाको दृष्टिले हेर्दा यस गा.वि.स. मा ३८८२ जना महिला र ४२०५ जना पुरुष गरी जम्मा ८०८७ जना साक्षर रहेका छन् । यहाँ १ उच्च मा.वि, ३ नि.मा.वि र ६ प्रा.वि रहेका छन् । यहाँ इलाका स्वास्थ्य चौकी, गा.वि.स को कार्यालय आदि रहेका छन् । यस गा.वि.स का अधिकांस मानिसले हिन्दु धर्म मानेता पनि क्रिश्चियन धर्मावलम्वीहरुको पनि वसोवास रहेको छ । (जिल्ला वस्तुगत विवरण, दाङ, २०७०)

### ४.२.३ आर्थिक अवस्था

विशेष गरी कृषिमानै निर्भर रहेको यस गा.वि.स मा धान, गहुँ, मकै तरकारी लगायतका अन्य वाली उत्पादन गरिन्छ । यस डुरुवा गा.वि.स का वासिन्दाहरुको मुख्य पेसा कृषिनै हो । खेतिपाती, पशुपालन वाट हुने आम्दानी नै यहाँका मानिसहरुको आम्दानीको मुख्य स्रोत हो । यहाँका वासिन्दाहरु कृषिको अलावा सरकारी सेवा (निजामती, प्रहरी, शिक्षण,जंगी) व्यापार व्यवसाय र वैदेशिक रोजगारमा पनि सक्रिय रहेका छन् । (डुरुवा गा.वि.स वस्तुस्थिती विवरण, डुरुवा, दाङ, २०७१)

## अध्याय - पाँच

## ५.१ अध्ययन क्षेत्रको संकलित तथ्याङ्कको व्याख्या तथा विश्लेषण

यस अध्यायमा मेरो अध्ययन क्षेत्रसंग सम्वन्धित जतिपनि संकलन गरिएका तथ्याङ्कहरुको विवरण, व्याख्या र विश्लेषण प्रस्तुत गरिएको छ । जसलाई तिन भागमा बाडेर प्रस्तुत गरिएको छ । जसअन्तर्गत पहिलो भागमा उत्तरदाता महिला हरुको उमेर, जात-जातियता, धर्म, बैबाहिक स्थिति, शैक्षिक योग्यता,आम्दानिको मुख्य स्रोत आदि प्रस्तुत गरिएको छ । यसैगरि दोस्रो भागमा उत्तरदाता महिला हरुको घरायसी चल अचल सम्पत्ति माथीको अधिकार वारे जानकारी लिईएको कुराहरुको यथार्थ विवरण प्रस्तुत गरिएको छ । यसैगरि तेस्रो भागमा घरायसी निर्णय निर्माण प्रक्रियामा महिलाको भुमिका को बारेमा जानकारी प्रस्तुत गरिएको छ ।

यसरी यस अध्यायको प्रस्तुतिमा जतिपनि संलग्न उत्तरदाताहरुलाई तथ्याकं संकलनको अबधिभरिमा जानकारी भएको अनुसन्धान उद्देश्यसंग सम्बन्धित सम्पुर्ण तथ्याकंहरुलाई तालिकामा प्रस्तुत गरि उचित व्याख्या गरिएको छ । जसले अनुसन्धानको सम्पुर्ण उद्देश्यसंग संवन्धित तथ्याकंहरुलाई प्रस्टाउने उद्देश्य पनि लिएको छ ।

### ५.२ सामाजिक तथा आर्थिक अवस्था

### ५.२.१ उत्तरदाता महिलाहरुको उमेर समुहको विवरण

प्रस्तुत अध्ययनमा विभिन्न उमेर समुह भित्रका महिलाहरुलाई छनौट गरिएको थियो जसको आधारमा सामान्यतयाः अध्ययन क्षेत्रमा छनौटमा परेका विवाहित महिलाहरुको उमेरको आधारमा गरिएको विभाजनको विवरण लाई यसप्रकार प्रस्तुत गरिएको छ ।

**उमेर समुहको विवरण**

**तालिका नं १,**

| उत्तरदाता महिलाहरुको उमेर समुह | संख्या | प्रतिसत |
|---|---|---|
| ० - १४ | ० | ०.०० |
| १५ - ५९ | ५० | १०० |
| ६० देखि माथि | ० | ०.०० |
| जम्मा | ५० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७३

माथि उल्लेखित तालिका बाट सबै महिलाहरु १५ देखि ५९ बर्ष उमेर समुहका रहेका छन् । हामीले यस अध्ययनमा उत्तरदाताको रुपमा लिन खोजेको महिला समुह पनि १५-५९ वर्ष उमेर समुहको विवाहित महिला नै हो । यसरी माथीको तालिका वाट के कुरा पनि स्पष्ट हुन्छ भने अध्ययन क्षेत्रको थारु समुदायमा १५ वर्ष भन्दा माथिनै विवाह गर्ने चलन पनि रहेको यस अध्ययनले प्रस्ट पारेको छ ।

### ५.२.२ वैवाहिक स्थिति

अध्ययनका क्रममा विवाहित महिलाहरुलाई नै उत्तरदाताहरुको रुपमा समेटिएको छ । उनीहरुको वैवाहिक स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं २**

## वैवाहिक स्थितिको विवरण

| क.सं. | बैवाहिक स्थिति | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | विवाहित | ४३ | ८६ |
| २ | एकल | ६ | १२ |
| ३ | सम्बन्ध विच्छेद | १ | २ |
| ४ | जम्मा | ५० | १०० |

स्रोतः स्थलगत अध्यन, २०७३

तालिका नं २, अनुसार उत्तरदाता महिलाहरुमा विवाहित, विधवा र सम्बन्ध विच्छेद भएका महिलाहरु रहेका छन् । जसमध्ये ८६ प्रतिशत महिलाहरु विवाहित छन्, यस्तैगरि १२ प्रतिसत महिलाहरु एकल छन् भने वाकी २ प्रतिशत महिलाहरु सम्वन्ध विच्छेद रहेका छन् । त्यस्तै गरि यस माथीको तालिकाले के पनि प्रस्ट पार्दछ भने यस सुक्ष्म अध्ययनमा दाङ जिल्ला डुरुवा गा.वि.स मा वसोवास गर्ने थारु महिलाको सामाजिक, आर्थिक, चल अचल सम्पत्तीमा तथा निर्णय प्रक्रिया मात्र नभई त्यहाँ रहेका एकल र सम्वन्ध विच्छेद भई सकेका महिलाहरुको सामाजिक, आर्थिक, चल अचल सम्पत्ति माथीको अधिकार र घरायसी निर्णय प्रक्रियामा उनिहरुको भुमिका के कस्तो रहेको छ भन्ने वारेमा पनि माथीको तालिकाले प्रष्ट पार्ने जमर्को गरेको छ ।

### ५.२.३ शैक्षिक अवस्था

अध्ययनको क्रममा उत्तरदाता महिलाहरुको शैक्षिक अवस्थाको बारेमा जानकारी लिईएको थियो । उत्तरदाता महिलाहरुको शैक्षिक विवरणलाई पढाईको स्तरका आधारमा तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं ३ (क)**

## उत्तरदाता महिलाहरुको शैक्षिक विवरण

| पढाइको स्तर | संख्या | प्रतिशत |
|---|---|---|
| अशिक्षित | १५ | ३० |
| प्रा.वि.तह कक्षा १ देखि ५ | ८ | १६ |
| नि.मा.वि.तह कक्ष ६ देखि ८ | १५ | ३० |
| मा.वि.तह कक्षा ९ र १० | ७ | १४ |
| एस.एल. सी | २ | ४ |
| उ.मा.वि.तह | ३ | ६ |
| स्नातक तह | ० | ० |
| स्नातकोत्तर तह | ० | ० |
| जम्मा | ५० | १०० |

स्रोतः स्थलगत अध्यन, २०७३

तालिका नं ३,(क) बाट के थाहा हुन्छ भने अझै पनि नेपाली समाज शिक्षाको पहुचबाट महिलाहरु अलिकति टाढा नै रहेको देख्न सकिन्छ । जम्मा उत्तरदाता महिलाहरुमध्ये धेरै कमले मात्र एस.एल.सी वा सो भन्दा माथि अध्ययन गरेको कुरा माथिको तालिकाबाट प्रष्ट देखिएको छ । भने स्नातक तह र स्नाकोत्तर तह सम्मको अध्ययन गर्ने ६० जना उत्तरदाता थारु महिलाहरुमा कुनै पनि महिलाहरु उक्त तह सम्म अध्ययन गरेको पाईएन । उत्तरदाता महिलाहरु मध्ये १५ अर्थात ३० प्रतिसत अशिक्षित महिलाहरुको रहेका छन् । भने सबैभन्दा कम २ जना अर्थात ४ प्रतिसत महिलाले मात्र एस.एल.सी सम्मको, यस्तैगरि ३ जना अर्थात ६ प्रतिसत महिलाले  उच्च मा.वि गरेको पाईयो । त्यस्तै प्रा.वि सम्मको अध्ययन गरेका ८ जना अर्थात १६ प्रतिसत, नि.मा.वि. सम्मको अध्ययन गरेका १५ जना अर्थात ३० प्रतिसत, मा.वि. सम्मको अध्ययन गरेका ७ जना अर्थात १४ प्रतिसत महिलाहरु रहेका छन् । यसरी माथीको तालिकाले के प्रष्ट पार्दछ भने थारु समुदायमा आजको २१ औं सताव्दीमा आई पुग्दा पनि  महिलाहरु शिक्षा वाट अझै वन्चितनै रहेको माथीको तालिकाले देखाएको छ भने थारु समुदायमा उच्च शिक्षा हाँसिल गर्ने महिलाहरु एकदमै न्युन रहेको यस तालिकाले देखाएको छ ।

**तालिका नं ३ (ख)**

**उत्तरदाताको श्रीमानको शैक्षिक विवरण**

| क्र.सं | पढाइको स्तर | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | अशिक्षित | ६ | १२ |
| २. | अनौपचारिक | ८ | १६ |
| ३. | प्रा.वि.तह कक्षा १ देखि ५ | ६ | १२ |
| ४. | नि.मा.वि.तह कक्षा ६ देखि ८ | ९ | १८ |
| ५. | मा.वि.तह कक्षा ९ र १० | ८ | १६ |
| ६. | एस.एल. सी | ५ | १० |
| ७. | उ.मा.वि.तह | ६ | १२ |
| ८. | स्नातक/स्नाकोत्तर तह | २ | ४ |
| | जम्मा | ५० | १०० |

स्रोतः स्थलगत अध्यन, २०७३

माथिको तालिकामा ५० जना उत्तरदाताहरुको श्रीमानको शैक्षिक अवस्था कस्तो छ भनी हेर्दा थारु समुदायमा महिलाहरुको शैक्षिक स्तर पुरुषको तुलनामा अत्याधिक कम देख्न सकिन्छ । त्यस्तै गरि थारु समुदायमा महिलाहरु भन्दा पुरुषहरु धेरै प्रतिसतले उच्च शिक्षा हासिल गरेको देखिन्छ । जुन महिलाको शैक्षिक अवस्था भन्दा उच्च रहेको छ । यहाँको पुरुष थारुहरुको शैक्षिक अवस्थालाई माथिको तालिकामा अध्ययन गर्दा १२ प्रतिसत अशिक्षीत, १६ प्रतिसत अनौपचारीक शिक्षा लिएका, १२ प्रतिसत प्रा.वि तह उतिर्ण, १८ प्रतिसत नि.मा.वि. तह उतिर्ण, १६ प्रतिसत मा.वि तह उतिर्ण, १० प्रतिसत एस.एल.सी पास, १२ प्रतिसत उ.मा.वि तह उतिर्ण र ४ प्रतिसतले स्नातक/स्नाकोत्तर तह उतिर्ण गरेको पाइयो । यसरी माथीको तालिका ३(क) र ३(ख) लाई तुलना गरी हेर्दा डुरुवा गा.वि.स.को वडा नं. ७ र ८ मा पुरुषहरु भन्दा महिलाहरु धेरै अशिक्षीत रहेको पाईयो ।

## ५.२.४ धार्मिक अवस्था

अध्ययनका क्रममा महिलाहरको धार्मिक विवरणलाई हेरिएको थियो । प्रस्तुत अध्ययनमा पनि विभिन्न धर्म मान्ने महिलाहरु छनौटमा परेका थिए । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं ४,**

**धार्मिक विवरण**

| धर्म | संख्या | प्रतिशत |
|---|---|---|
| हिन्दु | ४६ | ९२ |
| बौद्ध | ० | ० |
| क्रिष्चियन | ४ | ८ |
| इस्लाम | ० | ० |
| जम्मा | ५० | १०० |

स्रोतः स्थलगत अध्यन, २०७३

तालिका नं ४, अनुसार जम्मा महिलाहरुमध्ये सबैभन्दा धेरै ९२ प्रतिशत महिलाहरु हिन्दु धर्म मान्दछन् । क्रिष्चियन धर्म मान्ने महिला ८ प्रतिशत रहेको छन् । यसबाट अधिकांस उत्तरदाता महिलाहरु हिन्दु धर्म मान्ने रहेको र अन्य ईस्लाम र बौद्ध धर्म मान्ने चाँहि कोहिपनि यस क्षेत्रमा नरहेका यस अध्ययनले प्रष्ट पारेको छ ।

### ५.२.५.उत्तरदाताको पेसा

समाजमा परिचय वनाउन कुनै पनि मानिसको पेसामा भर पर्छ । त्यसैले मानिसको पेसाले समाजमा आफ्नो स्थान वनाउन धेरै सहयोग गर्दछ । पेसाको आधारमा उत्तरदाताको वर्गिकरण तलको तालिकामा देखाईएको छ ।

**तालिका नं ५(क)**

**पेसाका आधारमा उत्तरदाताको वर्गिकरण**

| क्र.सं | पेसा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | कृषि | २३ | ४६ |
| २. | व्यापार | ६ | १२ |
| ३. | जागिर | १० | २० |
| ४. | घरायसी काम | १ | २ |
| ५. | अन्य | १२ | २४ |
| | जम्मा | ५० | १०० |

स्रोतः स्थलगत अध्यन, २०७३

माथिको तालिकाबाट के प्रष्ट हुन्छ भने सबैभन्दा बढिजसो थारु महिलाको परिवार कृषि पेसामा संलग्न रहेको देखिएको छ । माथिको तालिका अनुसार ४६ प्रतिसत महिला कृषिमा आवद्ध रहेका छन् भने व्यापारमा १२ प्रतिसत त्यस्तै जागिरमा २० प्रतिसत, घरायसी काममा २ प्रतिसत र अन्य  काममा २४ प्रतिसत महिलाहरु को सम्लग्नता रहेको पाइयो । यसरी माथीको तालिकालाई अध्ययन गर्दा त्यहाँका थारु महिलाहरुले जागिर, व्यापार, अन्य व्यवसायको तुलनामा कृषि पेसानै अँगाल्ने गरेको पाइएको छ । यसरी माथीको तालिकावाट के स्पष्ट हुन्छ भने थारु महिलाहरु जो अशिक्षीत छन् तिनीहरु कृषी र घरायसी काममा मात्र सिमीत रहेको देखिन्छ भने जो शिक्षीत छन् उनीहरु घरायसी कामको साथै व्यापार, व्यवसाय, जागिरमा पनि सम्लग्न हुने गरेको देखिन्छ । साथै कृषि कार्य सम्लग्न अधिकाँस उत्तरदाताहरु ३५-५९ वर्ष उमेर समुहका रहेका छन् ।

**तालिका नं ५ (ख)**

**पेसाका आधारमा उत्तरदाताको श्रीमानको वर्गिकरण**

| क्र.सं | पेसा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | कृषि | २१ | ४२ |
| २. | व्यापार | ६ | १२ |
| ३. | जागिर | ७ | १४ |
| ४. | घरायसी काम | २ | ४ |
| ५. | वैदेशिक रोजगार | ९ | १८ |
| ६. | अन्य | ५ | १० |
| | जम्मा | ५० | १०० |

स्रोतः स्थलगत अध्यन, २०७३

माथिको तालिका अनुसार अधिकांस उत्तरदाता महिलाको श्रीमान कृषि पेसामानै सम्लग्न रहेको पाइयो भने पछिल्लो समयमा वैदेशिक रोजगार तर्फ पनि यहाँका थारुहरु आकर्षित रहेको देखियो । जसमध्ये ४२ प्रतिसत उत्तरदाताका श्रीमान कृषि पेसामा सम्लग्न रहेको पाइयो भने व्यापारमा १२ प्रतिसत, जागिरमा १४ प्रतिसत, वैदेशिक रोजगारमा १८ प्रतिसत, अन्यमा १० प्रतिसत रहेको पाइयो भने घरायसी काममा पुरुषको सम्लग्नता जम्मा ४ प्रतिसत रहेको पाइयो । यसरी माथीको तालिकालाई सरसर्ती हेर्दा थारु समुदायमा धेरै जसो कृषि पेसालाई नै महिला

पुरुषहरुले पहिलो प्राथमिकता दिने गरेको पाईयो भने विस्तारै विस्तारै आज भोली वैदेशीक रोजगार तिर पनि आकर्षण वढ्ने गरेको पाईयो

## ५.२.६.परिवारको प्रकार

प्रस्तुत अध्ययनमा उत्तरदाता महिलाहरुको परिवारको प्रकारको पनि अध्ययन गरिएको थियो, अध्ययनका क्रममा संयूक्त र एकल गरी दुई प्रकारका परिवारहरु पाईएको थियो जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं ६,**

**नमुना छनौटमा परेका परिवारको प्रकारको वर्गिकरण**

| क.सं. | परिवारको प्रकार | संख्या | प्रतिशत |
|---|---|---|---|
| | एकात्मक | १७ | ३४ |
| | संयुक्त | ३३ | ६६ |
| | जम्मा | ५० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७३

तालिका नं ६, अनुसार उत्तरदाता महिलाहरुको एकात्मक र संयूक्त गरी दुई प्रकारको परिवार पाईएको छ । जसमध्ये ३४ प्रतिशत महिलाहरु एकात्मक परिवारमा बस्दै आएको पाइयो भने ६६ प्रतिशत महिलाहरु संयुक्त परिवारमा बस्दै आएको पाईयो । यसरी माथीको तालिकावाट के स्पष्ट हुन्छ भने थारु समाजमा अधिकांस परिवारहरु संयुक्त परिवारमानै वस्ने गरेको पाईन्छ भने एकल परिवारमा वस्ने अधिकाँस उत्तरदाताहरु ३५-४५ वर्ष उमेर समुहका रहेका छन् ।

## ५.२.७ उत्तरदाता महिलाको परिवारको आम्दानीको मुख्य स्रोतको विवरण

उत्तरदाताको परिवारको आम्दानिको मुख्य स्रोतको विवरणलाई तल उल्लेखित तालिकामा प्रस्तुत गरिएको छ । जुन यसप्रकार रहेको छ ।

## तालिका नं. ७ (क)

## आम्दानीको मुख्य स्रोतको विवरण

| क्र.स. | आम्दानिको मुख्य स्रोत | उत्तरदाता महिलाको परिवार संख्या | प्रतिसत |
|---|---|---|---|
| १. | कृषि | २१ | ४२ |
| २. | व्यापार | ५ | १० |
| ३. | जागिर | ७ | १४ |
| ४. | वैदेशिक रोजगार | ९ | १८ |
| ५. | अन्य | ८ | १६ |
| जम्मा | | ५० | १०० |

स्रोत : स्थलगत अध्ययन्, २०७३

माथि उल्लेखित तालिकाबाट सबैभन्दा धेरैजसो उत्तरदाता महिलाको परिवारको आम्दानीको मुख्य स्रोत कृषि रहेको छ भने त्यसपछिको उत्तरदाता महिलाहरुको आम्दानीको मुख्य श्रोत वैदेशिक रोजगार भएको छ । जसमध्ये ४२ प्रतिसत उत्तरदाता महिलाहरुको परिवारले कृषि पेसालाईनै आफ्नो मुख्य आम्दानीको स्रोत मानेका छन् । यसैगरि १० प्रतिसतले व्यापार , १४ प्रतिसतले जागिर, वैदेशिक रोजगार १८ प्रतिसत र बाँकी १६ प्रतिसत परिवारले अन्य पेसा लाई आफ्नो आम्दानीको मुख्य स्रोतको रुपमा लिएको पाईन्छ । यहाँका थारु समुदायको आम्दानीको मुख्य स्रोत कृषि हुनुको पछाडी यहाँका थारु समुदायमा अधिकाँस परिवार कृषि पेसामानै सम्लग्न हुने गरेको माथीको तालिकाले प्रस्ट पार्दछ ।

**तालिका नं. ७ (ख)**

**उत्तरदाता महिलाको आम्दानिको मुख्य स्रोतको विवरण**

| क्र.स. | आम्दानिको मुख्य स्रोत | उत्तरदाता महिलाको संख्या | प्रतिसत |
|---|---|---|---|
| १ | कृषि | २३ | ४६ |
| २ | व्यापार | ६ | १२ |
| ३ | जागिर | १० | २० |
| ४ | घरायसी काम | १ | २ |
| ५ | अन्य | १२ | २४ |
| ६ | जम्मा | ५० | १०० |

स्रोतः स्थलगत अध्ययन् ,२०७३

माथी उल्लेखित तालिकाबाट सवै भन्दा धेरै उत्तरदाताहरु कृषि पेसालाई आफ्नो आम्दानीको मुख्य स्रोत ठान्नु हुन्छ । त्यस पछि जागिरलाई मुख्य आम्दानीको स्रोत मान्ने महिलाहरु हुनुहुन्छ । जसमा (कार्यालय सहायक, गैह्र सरकारी संघ संस्थाहरुमा सामाजिक कार्यकर्ता, शिक्षीका) पर्दछन् । जम्मा ५० जना उत्तरदाता महिला मध्ये जम्मा ४६ प्रतिसत महिलाहरुको आम्दानीको स्रोत कृषि रहेको पाईएको थियो । यसैगरी १२ प्रतिसत व्यापार, २० प्रतिसत जागिर, घरायसि कामवाट २ प्रतिसत र २४ प्रतिसत महिलाहरुको आम्दानीको स्रोत अन्य व्यवसाय भएको पाईयो । अन्य व्यवसाय भन्नाले ज्यालादारी, तरकारी खेती, पशुपालन, कुखुरापालन आदी पर्दछन् ।

## ५.२.८ उत्तरदाता महिलाहरुको घरपरिवारको जमिन भए/नभएको विवरण

उत्तरदाता महिलाहरुको घरपरिवारको जमिन भए/नभएको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं ८,**

**घरपरिवारको जमिन भए/नभएको विवरण**

| क्र.स. | जमिनको बिबरण | संख्या | प्रतिसत |
|---|---|---|---|
| १ | जमिन भएको | ५० | १०० |
| २ | जमिन नभएको | ० | ० |
| ३ | जम्मा | ५० | १०० |

स्रोत :स्थलगत अध्ययन् ,२०७३

माथि उल्लेखित तालिकाको विवरण बाट सवै महिलाको घरपरिवारको आफ्नो जमिन रहेको पाइयो । जसमध्ये १०० प्रतिसतको आफ्नो घरपरिवारको नाममा जमिन रहेको पाईयो । यसरी माथीको तालिकावाट के स्पष्ट हुन्छ भने डुरुवा गा.वि.स.को वडा नं. ७ र वडा नं. ८ का थारुहरुको थोरै भए पनि जग्गा जमिन भएका परिवारहरुनै रहेका छन् । किनभने यो गा.वि.स ग्रामिण इलाकामा भएको र यो अध्ययन परापुर्व काल देखीनै त्यहाँ वसोवास गर्दै आइरहेका थारु जातीको भएकाले गर्दा पनि धेरै थोरै भए पनि सवै उत्तरदाताहरुको घरपरिवारको जग्गा जमिन रहेको छ ।

## ५.२.९ उत्तरदाता महिलाको परिवारको जमिबाट उत्पादित अन्नले खान पुग्ने विवरण

अध्ययनको क्रममा उत्तरदाता महिलाको तथा उसको घर परिवारको जमिनबाट उत्पादित अन्नले कति समयसम्म खान पुग्दछ र यदि जमिनवाट उत्पादित अन्नले एक वर्ष भरी खान नपुग्दा आपुर्ति गर्ने स्रोतको विवरण भन्ने बारेमा पनि तथ्याकं संकलन गरिएको थियो, जसको यथार्थ विवरणलाई तल उल्लेखित तालिका नं ९ को (क) र (ख) बाट प्रष्ट पार्ने कोसिस गरिएको छ ।

**तालिका नं ९ (क),**

**जमिबाट उत्पादित अन्नले खान पुग्ने विवरण**

| क्र.स. | उत्पादनको विवरण | उत्तरदाताको संख्या | प्रतिसत |
|---|---|---|---|
| १ | तिन महिना भन्दा कम खान पुग्ने | २ | ४ |
| २ | तिन देखि छ महिना खान पुग्ने | २० | ४० |
| ३ | छ देखि नौ महिना खान पुग्ने | २४ | ४८ |
| ४ | एक बर्षभरी खान पुग्ने | ४ | ८ |
| जम्मा | | ५० | १०० |

स्रोत : स्थलगत अध्ययन् २०७३

अध्ययनको क्रममा उत्तरदाता महिलाको तथा उसको घर परिवारको जमिनबाट उत्पादित अन्नले कति समयसम्म खान पुग्दछ भन्ने बारेमा पनि तथ्याकं संकलन गरिएको थियो,जसबाट सबभन्दा बढि ४८ प्रतिसत उत्तरदाताको जमिनबाट उत्पादित अन्नले छ देखि नौ महिना खान पुग्ने देखिएको छ । यस्तैगरी, ४० प्रतिसत उत्तरदाता महिलाको जमिनबाट उत्पादन हुने अन्नले तिन देखी छ महिना खान पुग्ने, अनि ८ प्रतिसत उत्तरदाता महिलाको जमिनबाट उत्पादित अन्नले एक वर्ष भरी खान पुग्ने  र ४ प्रतिसत उत्तरदाता महिलाको जमिनबाट उत्पादित अन्नले तिन महिना भन्दा कम खान पुग्ने कुरा माथि उल्लेखित तालिकाले प्रष्ट पारेको छ ।

**तालिका नं. ९(ख)**

**जमिनवाट उत्पादन भएको अन्नले वर्ष भरी खान नपुग्दा आपुर्ति गर्ने स्रोतको विवरण**

| क.स. | आपुर्तिको स्रोत | उत्तरदाताको संख्या | प्रतिसत |
|---|---|---|---|
| १ | व्यापार | ७ | १४ |
| २ | अधिँया | ६ | १२ |
| ३ | जागिर | ९ | १८ |
| ४ | वैदेशिक रोजगार | ८ | १६ |
| ५ | अन्य | १७ | ३४ |
| जम्मा | | ५० | १०० |

स्रोत : स्थलगत अध्ययन् २०७३

माथिको तालिका अनुसार जमिनवाट उत्पादन भएको अन्नले वर्ष भरी खान नपुग्दा व्यापार वाट १४ प्रतिसत, अधिँया वाट १२ प्रतिसत, जागिरवाट १८ प्रतिसत, वैदेशिक रोजगारवाट १६ प्रतिसत, र अन्य पेसा ( ज्यालादारी, पशुपालन, तरकारी खेती, ड्राईभिङ्ग) वाट ३४ प्रतिसतले खाना आपुर्ति गर्ने गरेको पाइएको छ । आज भोली थारु समुदायमा पनि वैदेशिक रोजगार प्रतिको आकर्षण, व्यापार, व्यवसाय प्रतिको आकर्षण, शिक्षा प्रति सकारात्मक सोचको कारणले गर्दा थारु समुदायको अधिँयामा कम सम्लग्नता भएको पाईएको छ ।

## ५.३ घरायसी चल अचल सम्पत्ति माथिको अधिकारको विवरण

घरायसी निर्णय निर्माण प्रक्रियामा महिलाहरु माथी हुने चल अचल सम्पत्तिको अधिकारले पनि महत्वपुर्ण भुमीका खेल्ने भएकोले यस अध्ययनमा थारु समुदायमा महिलाहरुको नाममा जग्गा जमिन, घर छ की छैन ? दैनिक घरखर्च को जिम्मेवारी कसले लिनुभएको छ ? घरमा संचालन गर्नु भएको व्यवसाय कसले संचालन तथा रेखदेख गर्नुहुन्छ ? उक्त व्यवसायवाट आम्दानी रकम कसले संचय गर्नुहुन्छ ? भन्ने जस्ता प्रश्नहरु उत्तरदातालाई सोधेका थियौं । अध्ययन क्षेत्रका महिलाहरुको घरायसी चल अचल सम्पत्ति माथीको अधिकारलाई तलका तालिकाहरुमा प्रस्तुत गरिएको छ ।

### ५.३.१ उत्तरदाता महिलाहरुको आफ्नो नाममा जमिन भए/नभएको विवरण

अध्ययन क्षेत्रबाट प्राप्त भएको विबरण अनुसार अधिकांस उत्तरदाता महिलाहरुको आफ्नो नाममा जमिन नभएको उक्त जमिनको जग्गा धनी पनि पुरुषनै रहेको यस अध्ययनले देखाएको छ । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १(क)**

**महिलाहरुको आफ्नो नाममा जमिन भए/नभएको विवरण**

| क.स. | जमिनको बिबरण | संख्या | प्रतिसत |
|---|---|---|---|
| १ | जमिन भएको | २३ | ४६ |
| २ | जमिन नभएको | २७ | ५४ |
| जम्मा | | ५० | १०० |

स्रोत : स्थलगत अध्ययन २०७३

माथि उल्लेखित तालिकाको विवरण बाट अधिकांस महिलाको आफ्नो नाममा जमिन नरहेको पाइयो । जसमध्ये ४६ प्रतिसतको आफ्नो नाममा जमिन भएको र मात्र ५४ प्रतिसतको आफ्नो नाममा जमिन नभएको थाहा भएको छ । जसको नाममा जमिन छ ति महिलाहरु विधवा, सम्वन्ध विच्छेद गरि अलग वसेका र अधिकाँस एकल परिवारमा वस्ने महिलाहरुको नाममा जमिन रहेको उल्लेखित अध्ययनबाट प्रष्ट भएको छ ।

## तालिका नं. १ (ख)

## उत्तरदाताको नाममा रहेको जग्गा वाहेक जग्गा धनीको विवरण

| क.स. | जग्गा धनीको बिबरण | संख्या | प्रतिसत |
|---|---|---|---|
| १ | श्रीमान | १५ | ५५.५५ |
| २ | ससुरा | ९ | ३३.३३ |
| ३ | सासु | ३ | ११.११ |
| ४ | अन्य सदस्य | ० | ० |
| जम्मा | | २७ | १०० |

स्रोत : स्थलगत अध्ययन २०७३

माथिको तालिका अनुसार ५० जना उत्तरदाताहरु मध्ये २३ जना अर्थात ४६ प्रतिसत उत्तरदाताहरुको आफ्नो नाममा जमिन छ भने वांकी २७ जना अर्थात ५४ प्रतिसत उत्तरदाता हरुको आफ्नो नाममा जमिन छैन जमिन आफ्नो नाममा नभएका २७ जना उत्तरदाताहरु मध्ये ५५.५५ प्रतिसत उत्तरदाता हरुको आफ्नो श्रीमानको नाममा, ३३.३३ प्रतिसत ससुराको नाममा, ११.११ प्रतिसत सासुको नाममा जमिन रहेको छ भने अन्य सदस्यको नाममा जमिननै नभएको माथिको तालिकाले देखाएको छ । यसरी माथीको तालिका वाट के स्पस्ट हुन्छ भने अझै पनि जग्गा जमिन, सम्पत्ति माथिको अधिकारमा थारु महिलाहरु अझै पछाडीनै परेको देखिन्छ ।

### ५.३.२ उत्तरदाता महिलाहरुको आफ्नो नाममा घर भए/नभएको विवरण

अध्ययन क्षेत्रबाट प्राप्त भएको विबरण अनुसार अधिकांस उत्तरदाता महिलाहरुको आफ्नो नाममा घर नभएको थाहा हुन आएको छ । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं २ (क)**

**महिलाहरुको आफ्नो नाममा घर भए/नभएको विवरण**

| क.स. | घर भए/नभएको बिबरण | संख्या | प्रतिसत |
|---|---|---|---|
| १ | घर भएको | १५ | ३० |
| २ | घर नभएको | ३५ | ७० |
| जम्मा | | ५० | १०० |

स्रोत : स्थलगत अध्ययन् २०७३

माथि उल्लेखित तालिकाको विवरण बाट अधिकांस महिलाको आफ्नो नाममा घर नरहेको पाइयो । जसमध्ये ७० प्रतिसतको आफ्नो नाममा घर नभएको र मात्र ३० प्रतिसतको आफ्नो नाममा घर भएको थाहा भएको छ । जसमध्ये पनि ति महिलाहरु विधवा, सम्बन्ध विच्छेद गरि अलग रहेका र एकल परिवारमा वस्दै आएका, शिक्षीत परिवारका महिलाहरुको नाममा घर भएको उल्लेखित अध्ययनबाट प्रष्ट भएको छ ।

**तालिका नं.२ (ख)**

**उत्तरदाताको नाममा रहेको घर वाहेक घर धनीको विवरण**

| क.स. | घर धनीको बिबरण | संख्या | प्रतिसत |
|---|---|---|---|
| १ | महिला | २ | ५.७१ |
| २ | पुरुष | ३३ | ९४.२८ |
| ३ | दुवै | ० | ० |
| जम्मा | | ३५ | १०० |

स्रोत : स्थलगत अध्ययन २०७३

माथिको तालिका नं २ को (क) मा हामीहरुले लिएको ५० जना उत्तरदाताहरु मध्ये ३० प्रतिशत उत्तरदाताहरुको नाममा घर भएको पाइयो भने वाँकी ७० प्रतिशत उत्तरदाताहरुको घरका अन्य

सदस्यहरुको नाममा घर रहेको पाइयो । जुन ३० प्रतिशत महिलाहरुको नाममा घर हुने हरुको पनि उहाँहरु विधवा, सम्वन्ध विच्छेद गरि अलग रहेका, एकल परिवारमा वस्ने उत्तरदाताहरुको मात्र आफ्नो नाममा घर रहेको पाइयो भने तालिका नं २ को (ख) मा चाँही हामीहरुले लिएका उत्तरदाताहरु मध्ये ३० प्रतिशत आफ्नो नाममा घर भएका वाहेक ७० प्रतिशत आफ्नो नाममा घर नभएका उत्तरदाताहरु संग गरिएको अध्ययनमा जम्मा ५.७१ प्रतिशत उत्तरदाताहरुले मात्र मेरो घरमा घरधनी सासु, जेठानी हुनुहुन्छ भन्ने उत्तर दिए वाँकी ९४.२८ प्रतिशत उत्तरदाताहरुले घरधनी ससुरा, जेठाजु, श्रीमान हुनुहुन्छ भनी उत्तर दिए । यसरी पनि माथीको तालिका वाट के स्पष्ट हुन्छ भने थारु समुदायमा पनि महिलाहरुको तुलनामा चल अचल सम्पत्ती माथीको अधिकार पुरुषहरुमानै हुने गरेको यस अध्ययनले देखाएको छ । अझै पनि जग्गा जमिन, सम्पत्ति माथिको अधिकारमा थारु महिलाहरु अझै पछाडीनै परेको देखिन्छ ।

### ५.३.३ घर खर्च चलाउदा घर खर्चको जिम्मेवारी लिँदाको विवरण

**तालिका नं. ३**

**घर खर्च चलाउदा घर खर्चको जिम्मेवारी लिँदाको विवरण**

| क्र.स. | जिम्मेवारी लिने व्यक्ति | घरहरुको संख्या | प्रतिसत |
|---|---|---|---|
| १ | महिला | १३ | २६ |
| २ | पुरुष | २० | ४० |
| ३ | दुवै | १७ | ३४ |
| जम्मा | | ५० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

माथिको तालिका अनुसार जम्मा ५० घरधुरीका ५० जना विवाहित महिलाहरुमा गरेको सर्वेक्षण अनुसार घर खर्च चलाउदा सवै भन्दा वढि घर खर्चको जिम्मेवारी पुरुषहरुले नै गरेको देखिन्छ । जहाँ पुरुषले ४० प्रतिसत, महिला पुरुष दुवै मिलेर ३४ प्रतिसत र महिला २६ प्रतिसत ले मात्र घर खर्चको जिम्मेवारी लिएको देखिन्छ । यसरी माथिको तालिकालाई अध्ययन गरी हेर्दा पुरुषहरु वाहिरी काममा जाने पैसा आर्जन गर्ने भएकोलेनै महिलाको तुलनामा पुरुषहरुले घर खर्चको जिम्मेवारी वढी लिने गरेको देखिन्छ भने अर्को तिर हाम्रो अध्ययनमा ५० जना उत्तरदाता मध्ये २० प्रतिशत उत्तरदाता रोजगारमा, १२ प्रतिसत उत्तरदाता व्यापारमा सम्लग्न

भएकोले पनि महिला पुरुष दुवै मिलेर घर खर्चको जिम्मेवारी लिनेको संख्या धेरै हुन गएको देखिन्छ। किनभने रोजगार रव्यापारमा सम्लग्न महिलाहरुको आय स्रोत हुने भएकोले पुरुष सरह महिलाहरुले पनि घर खर्चको जिम्मेवारी लिने गरेको यस अध्ययनले देखाएको छ।

### ५.३.४ परिवारको व्यवसाय संचालन तथा रेखदेखको विवरण

**तालिका नं. ४(क)**

**परिवारको व्यवसाय संचालन तथा रेखदेखको विवरण**

| क्र.सं | संचालन तथा रेखदेख गर्ने व्यक्ति | घरहरुको संख्या | प्रतिसत |
|---|---|---|---|
| १ | महिला | १५ | ३० |
| २ | पुरुष | ८ | १६ |
| ३ | दुवै | २७ | ५४ |
| जम्मा | | ५० | १०० |

स्रोत : स्थलगत अध्ययन २०७३

माथिको तालिका अनुसार डुरुवा गा.वि.स को वडा नं. ७ र ८ को थारु घरधुरीमा उनिहरुले संचालन गरेको व्यवसायको रेखदेखको अध्ययन गर्दा सवै भन्दा वढि अर्थात ५४ प्रतिसत महिला र पुरुष दुवै मिलेर उक्त व्यवसायको संचालन तथा रेखदेख गर्ने गरेको यस अध्ययनले देखाएको छ । त्यस्तै गरि उक्त व्यवसायमा ३० प्रतिसत महिला र १६ प्रतिसत पुरुषहरुको सम्लग्नता रहेको देखिन्छ । यसरी हेर्दा पुरुषको तुलनामा महिलाहरुनै व्यवसाय संचालन तथा रेखदेखमा वढि सहभागी हुनुको पछाडी महिलाहरु घर वरिपरीको काममा अर्थात घर नजिकको काममा सम्लग्न हुने र पुरुषहरु प्राय कमाउन देश विदेश जाने भएकोले यस्तो हुन गएको हो ।

**तालिका नं.४ (ख)**

**व्यवसाय वाट आम्दानी भएको रकमको संचय विवरण**

| क्र.सं | संचय गर्ने व्यक्ति | घरहरुको संख्या | प्रतिसत |
|---|---|---|---|
| १ | महिला | १३ | २६ |
| २ | पुरुष | २२ | ४४ |
| ३ | दुवै | १५ | ३० |
| जम्मा | | ५० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७३

माथिको तालिका अनुसार व्यवसाय वाट आम्दानी भएको रकमको संचय पुरुषहरु धेरै अर्थात ४४ प्रतिसत, त्यस्तै पुरुष र महिला दुवैले संचय गर्छौं भन्नेमा ३० प्रतिसत र महिलाहरु हामीलेनै प्राप्त आम्दानी संचय गर्छौं भन्नेमा २६ प्रतिसत उत्तरदाताहरु रहेको पाइयो । यसरी यस अध्ययनवाट के निष्कर्ष निकाल्न सकिन्छ भने अध्ययन क्षेत्रका थारु महिलाहरुमा अशिक्षित महिलाको तुलनामा शिक्षित महिलाले, वेरोजगार महिलाको तुलनामा रोजगार महिलाले आम्दानी रकमको संचय गर्ने गरेको पाईयो ।  अझै पनि नेपालको सन्दर्भमा र अध्ययनको आधारमा भन्नु पर्दा पैसाको कारोवार गर्ने महिला भन्दा पुरुषहरुकै सम्लग्नता वढि हुने र केहि महिलाले पैसाको कारोवार गरेता पनि उनिहरु श्रीमान घरमा नभएका,विधवा, पारपाचुके, शिक्षित, रोजगारी महिलाहरुले मात्र आम्दानी पैसाको संचय गर्ने गरेको पाइयो ।

**५.३.५.महिला, पुरुष छोरा, छोरीले पाउने अधिकारको वारेमा थाहा भए/नभएका**

**तालिका नं. ५(क)**

**महिला, पुरुष छोरा, छोरीले पाउने अधिकारको वारेमा थाहा भए/नभएको**

| क्र.सं. | अधिकारको वारेमा थाहा भए/नभएको | उत्तरदाता संख्या | प्रतिसत |
|---|---|---|---|
| १ | भएको | ३८ | ७६ |
| २ | नभएको | १२ | २४ |
| जम्मा | | ५० | १०० |

स्रोत : स्थलगत अध्ययन २०७३

माथिको तालिकामा नेपाल अधिराज्यको संविधानमा पुरुष सरह महिलाको अधिकार र छोरा सरह छोरीलाई वावुको सम्पत्ती माथीको अधिकारको जानकारी वारे प्रश्न सोधिएकोमा ७६ प्रतिसत उत्तरदाताले यसवारेमा केही जानकारी भएको वताए भने वाँकी २४ प्रतिसत उत्तरदातालाई यस वारे कुनै किसीमको ज्ञान नभएको वताए । उक्त अधिकार वारे ज्ञान तथा जानकारी भएकाले पनि उक्त कुराको जानकारी त भएको तर अहिले सम्म छोरा सरह छोरीलाई हेर्ने दृष्टिकोण अलि फरकनै रहेको कुरा उल्लेख गरेका छन् ।

**तालिका नं ५(ख)**

**महिला, छोरा र छोरीको अधिकारको वारेमा थाहा भएकाको विवरण**

| क्र.सं. | अधिकारको प्रकार | उत्तरदाता संख्या | प्रतिसत |
|---|---|---|---|
| १ | समान सम्पत्तीको हक वारे जानकारी | ११ | २८.९४ |
| २ | सामाजिक कार्यमा समान सहभागीता वारे जानकारी | २ | ५.२६ |
| ३ | छोरा छोरी वरावरी भन्ने जानकारी | १७ | ४४.७४ |
| ४ | शिक्षामा समानता | ४ | १०.५३ |
| ५ | ३३% आरक्षणको वारेमा जानकारी | २ | ५.२६ |
| ६ | स्वास्थ्य सम्वन्धि अधिकारको वारेमा जानकारी | २ | ५.२६ |
| जम्मा | | ३८ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७३

माथिको तालिका अनुसार डुरुवा गा.वि.स. को वडा नं.७ र ८ मा गरिएको सर्वेक्षणमा अहिलेको संविधानमा उल्लेख भए अनुसार महिला तथा छोरा, छोरीको अधिकारको वारेमा कस्तो खालको अधिकारको वारेमा थाहा छ भन्ने प्रश्नमा सवै भन्दा धेरै ४४.७४ प्रतिसत उत्तरदाताले छोराछोरी वरावरी भन्ने वारे आफुलाई थाहा भएको वताएका छन् । त्यस्तै २८.९४ प्रतिसतले समान सम्पत्तीको हक वारे, १०.५३ प्रतिसतले शिक्षामा छोराछोरीलाई समानता वारे, ५.२६ प्रतिसतले महिलाहरुले पाउने ३३% आरक्षण वारे, ५.२६ प्रतिसतले स्वास्थ्य सम्वन्धी हक वारे र ५.२६ प्रतिसतले सामाजिक कार्यमा महिला र पुरुषको समान सहभागीता हुन्छ भन्ने वारे आफुहरुलाई थाहा भएको वताए ।

## ५.४. घरायसी निर्णय निर्माण प्रक्रियामा महिलाको भुमिका

### ५.४.१ घरमा नयाँ काम शुरु गर्नु पर्दाको निर्णय

अध्ययनकै क्रममा घरायसी निर्णय निर्माण प्रक्रियामा महिलाको भुमिका अन्तर्गत घरमा नयाँ काम शुरु गर्नु पर्दाको निर्णयमा त्यहाँका महिला र पुरुषमा कसको भुमिका वढि रहन्छ भन्ने बारेमा उत्तरदाता महिलाहरुले दिएको जवाफलाई तलको तालिकाले प्रष्ट्याउने कोसीष गरीएको छ। जुन यसप्रकार रहेको छ।

**तालिका नं. १**

**घरमा नयाँ काम शुरु गर्नु पर्दाको निर्णय**

| क्र.सं. | निर्णय गर्ने व्यक्ति | उत्तरदाता संख्या | प्रतिसत |
|---|---|---|---|
| १ | महिला | १० | २० |
| २ | पुरुष | २२ | ४४ |
| ३ | दुवै | १८ | ३६ |
| जम्मा | | ५० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार २० प्रतिसत उत्तरदाताको घरमा कुनै नयाँ काम सुरु गर्नु पर्दा निर्णय आफै गर्दछन् भने सवै भन्दा धेरै ४४ प्रतिसत पुरुषहरु, ३६ प्रतिसत महिला र पुरुष दुवैले कुनै पनि नयाँ कामको थालनी गर्दा निर्णय गर्ने गर्दछन्। तसर्थ घरमा नयां काम सुरु गर्नु पर्दा सवै भन्दा वढि ४४ प्रतिसत पुरुषहरुले नै निर्णय गर्दछन् भने महिलाहरुमा निर्णय प्रक्रियामा सहभागीता एकदमै न्युन अर्थात २० प्रतिसत मात्र छ। यसरी माथीको तथ्यांकलाई तुलना गरी हेर्दा अशिक्षित, वेरोजगार, संयुक्त परिवारमा वस्ने र १५-३५ वर्ष उमेर समुहका महिलाको तुलनामा शिक्षित, रोजगारी, एकल परिवारमा वसोवास गर्ने, विधवा र ३५-४५ वर्ष उमेर समुहका महिलाहरुमा निर्णयकारी भुमिका वढि भएको पाईयो।

यसरी माथीको तालिकामा घरमा नयाँ काम शुरु गर्नु पर्दाको निर्णयमा महिला भन्दा पुरुषहरुको निर्णयकारी भुमिका वढि रहेको छ। यसको पछाडी ८ प्रतिशत महिलाहरुले पुरुषहरुले कुनै नयाँ कामहरु गर्दा महिलाहरुलाई नसोधे पनी हुन्छ भन्ने धारणा रहेको पाईएको

छ । ९ प्रतिशतले चाँही महिलाहरु भनेका घरको काम काज गर्ने, वालवच्चा हेरचाह गर्ने हुन् यिनीहरु लाई भनेर के हुन्छ भन्ने सोचका पुरुषहरु रहेको माथीको अध्ययनले देखाएको छ । भने वाँकी ५ प्रतिशतले चाँही महिलाहरु केहि वुझ्दैनन् उनिहरु संग सल्लाह लिएर कामहरु शुरु गर्नु भन्दा काम शुरु गरि सके पछि उनिहरुलाई भन्न उचित ठान्ने भएर पुरुषहरु स्वयंले नै नयाँ कामको शुरु गर्नु पर्दा निर्णय लिने गरेको अध्ययनले देखाएको छ ।

### ५.४.२ हाल संचालन गर्दै आएको व्यवसायमा सम्लग्नता विवरण

**तालिका नं.२ (क)**

**हाल संचालन गर्दै आएको व्यवसायमा सम्लग्नता विवरण**

| क्र.सं. | सम्लग्नता गर्ने व्यक्ति | उत्तरदाताको संख्या | प्रतिसत |
|---|---|---|---|
| १ | महिला | १५ | ३० |
| २ | पुरुष | ७ | १४ |
| ३ | दुवै | २८ | ५६ |
| जम्मा | | ५० | १०० |

स्रोत : स्थलगत अध्ययन २०७३

**तालिका २, (ख)**

**संचालन गर्दै आएको व्यवसायमा महिलाको मात्र सम्लग्नता हुनुको कारण**

| क्र.सं. | महिला मात्र सम्लग्नता हुनुको कारण | उत्तरदाताको संख्या | प्रतिसत |
|---|---|---|---|
| १ | श्रीमान विदेश गएकाले | ५ | ३३.३३ |
| २ | श्रीमानको आफ्नै पेसा भएकोले | ३ | २० |
| ३ | श्रीमान नभएकोले | ७ | ४६.६७ |
| जम्मा | | १५ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७३

माथिको तालिका (क) अनुसार उत्तरदाताहरुले  हाल संचालन गर्दै आएको व्यवसायमा सवै भन्दा धेरै ५६ प्रतिसत दुवै अर्थात महिला र पुरुषको सम्लग्नता रहेको छ । त्यस पछि ३० प्रतिसत महिलाको सम्लग्नता रहेको छ भने १४ प्रतिसत अर्थात न्युन मात्रामा पुरुषको

सम्लग्नता रहेको देखिन्छ । यसरी तालिका (ख) अनुसार पुरुषहरुको सम्लग्नता न्युन देखिनुमा वैदेशिक रोजगारी, श्रीमान नै नभएको र पुरुषहरु विशेष गरी आफ्नै काममा व्यस्त हुने हुनाले यस्तो हुन गएको देखिन्छ । जसमा श्रीमान विदेश गएकोले भन्ने कारणमा ३३.३३ प्रतिसत, श्रीमान आफ्नै पेसामा सम्लग्न भएको भन्ने कारणमा २० प्रतिसत र श्रीमाननै नभएकोले महिलाले आफ्नै व्यवसायमा सम्लग्न रहनुपर्ने भन्ने कारणमा ४६.६७ प्रतिसत उत्तरदाता रहेको पाईयो ।

यसरी माथीको तालिकामा उत्तरदाताले हाल संचालन गर्दै आएको व्यवसायमा महिलाहरुको संलग्नता वढि हुनुको पछाडी पुरुषहरु घर वाहिरको अर्थात वाह्य काम (विदेश,जागिर) हरु मा सम्लग्नता हुने गरेकोले घर नजिकै संचालन गरेको व्यवसाय (व्यापार, तरकारी खेती, पशुपालन, मौरीपालन) हरुमा महिलाको संलग्नता वढी रहेको यस तालिकाले देखाएको छ । यस तालिकाले के पनि देखाएको छ भने महिलाहरुले वाहिरी काम भन्दा पनि घर भित्र र घर नजिकैको काम गर्नु पर्दछ र पुरुषहरुले चाँही घर वाहिरको काम गर्नु पर्दछ भन्ने कुरा पनि देखाएको छ ।

### ५.४.३.दैनिक घर खर्च चलाउँदाको निर्णय

**तालिका ३**

**दैनिक घर खर्च चलाउँदाको निर्णय**

| सि.नं | निर्णय गर्ने व्यक्ति | उत्तरदाता संख्या | प्रतिसत |
|---|---|---|---|
| १. | महिला | २१ | ४२ |
| २. | पुरुष | ९ | १८ |
| ३. | दुवै | २० | ४० |
| जम्मा | | ५० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७३

तालिका नं ४.३.३, का अनुसार घरपरिवारका सदस्यहरुको दैनिक घर खर्च चलाउने निर्णयमा महत्वपुर्ण भुमिका रहेको हुन्छ । निर्णय गर्दा महिलाको भुमिका धेरै रहेको पाईएको छ । सायद दैनिक घरखर्च अर्थात घरको काम काजमा महिलाको भुमिका धेरै भएकोले गर्दा होला दैनिक घरखर्च चलाउदा महिलाको निर्णय ४२ प्रतिशत भएको । त्यस्तै ४० प्रतिशत ले दैनिक घरखर्च चलाउदा श्रीमान श्रीमती दुवै मिलेर निर्णय गरेको पाईयो भने वाँकी १८ प्रतिशत उत्तरदाताले चांही पुरुषहरुले नै घरखर्च चलाउदा निर्णय गर्नुहुन्छ भन्ने गरेको पाईयो । माथीको तालिकालाई

तुलनात्मक रुपमा भन्नु पर्दा दैनिक घर खर्च चलाउने कार्यमा पुरुषको तुलनामा महिलाको सम्लग्नता वढि रहेको देखिन्छ ।

यसरी माथीको तालिकामा दैनिक घर खर्च चलाउँदाको निर्णयमा पुरुषहरुको भन्दा महिलाको निर्णयकारी भुमिका हुनुको कारण पुरुषहरुलाई देनिक घरमा आवश्यक पर्ने सामानहरुको वारेमा जानकारी नहुने, थाहा भए पनि घर भित्रको कामहरु गर्दा पुरुषहरुले झण्झट मान्ने, घरको काम भनेको त महिलाको हो उनिहरुले जे सुकै गरुन भन्ने मानसिकताले गर्दा यस्तो हुने गरेको देखिन्छ ।

**५.४.४.नगद तथा जिन्सी सामान लिंदाको निर्णय**

**तालिका नं. ४**

**नगद तथा जिन्सी सामान लिंदाको निर्णय**

| सि.नं | निर्णय गर्ने व्यक्ति | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | महिला | १९ | ३८ |
| २. | पुरुष | १३ | २६ |
| ३ | दुवै | १८ | ३६ |
| जम्मा | | ५० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७३

माथिको तालिका अनुसार घरखर्च चलाउन र व्यवसाय संचालन गर्न नगद तथा जिन्सी सामान लिदा सवै भन्दा धेरै निर्णय गर्ने महिला ३८ प्रतिशत छन् भने त्यस पछि हामी दुवै जना मिलेर निर्णय गर्ने गर्छौ भन्नेमा ३६ प्रतिशत उत्तरदाताहरु छन् त्यस्तै २६ प्रतिशत निर्णय पुरुष सदस्यहरुले मात्र गर्नुहुन्छ भन्ने उत्तरदाताको भनाई रहेको छ । माथिको तालिकामा नगद तथा जिन्सी सामान लिँदाको निर्णय गर्दा पुरुषको तुलनामा महिलाको निर्णयकारी भुमिका रहेको छ । यसरी महिलाको निर्णयकारी भुमिका हुनुको पछाडी हामीहरुको ५० जना उत्तरदातामा श्रीमान नभएका ७ जना र अधिकाँस ३५-५९ वर्ष उमेर समुहका उत्तरदाताहरु र श्रीमान विदेशमा भएका घरको सवै जिम्मेवारी महिलाहरुको हातमा भएकोले र यस उमेर समुहका अधिकांस उत्तरदाताहरु एकल परिवारमा वस्ने भएकोले महिलाको निर्णयकारी भुमिका पुरुषको तुलनामा वढि हुन गएको देखिन्छ

यसरी माथीको तालिकामा नगद तथा जिन्सी सामान लिँदा महिलाको निर्णयकारी भुमिका ३८ प्रतिशत हुनु र पुरुषहरुको २६ प्रतिसत हुनुको पछाडी श्रीमान विदेश गएकाले, श्रीमाननै नभएकाले र अधिकाँस उत्तरदाताहरु ३५-५९ वर्ष उमेर समुहका जुन एकल परिवारमा वसोवास गर्ने महिलाहरु उत्तरदाता भएकोले र कोही महिला उत्तरदाताहरु स्वयं रोजगारमा संलग्न भएकाले पुरुषहरुको तुलनामा महिलाहरुको निर्णयकारी भुमिका हुन गएको देखिन्छ ।

### ५.४.५.वालवच्चा पालन पोषण तथा स्याहार सुसारको निर्णय

**तालिका नं. ५,(क)**

**वालवच्चा पालन पोषण तथा स्याहार सुसारको निर्णय**

| सि.नं | वालवच्चा पालनपोषण तथा स्याहार सुसार गर्ने व्यक्ति | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | महिला | ३९ | ७८ |
| २. | पुरुष | २ | ४ |
| ३ | दुवै | ९ | १८ |
| जम्मा | | ५० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७३

माथिको तालिका अनुसार वालवच्चाको पालनपोषण तथा स्याहार सुसार कसले गर्छ भन्ने कुरामा सवै भन्दा वढि ७८ प्रतिशत उत्तरदाताले महिला आफैनै उक्त कार्यमा सहभागी भएको पाइएको छ भने पुरुषहरु मात्रैको सहभागिता अत्यन्तै न्युन अर्थात ४ प्रतिशत र दुवै जनाको सहभागितामा १८ प्रतिशत उत्तरदाताको सम्लग्नता रहेको पाईएको छ । यसरी माथिको तालिका लाई अध्ययन गर्दा थारु समाजमा पनि वालवच्चाको पालनपोषण र स्याहार सुसारको जिम्मेवारी अधिकांस महिलाहरुलेनै गर्ने गरेको पाईयो भने पुरुषको सम्लग्नता एकदमै न्युन मात्रामा भएको पाईयो ।

यसरी माथीको तालिकामा वालवच्चाहरुको पालनपोषण तथा स्याहार सुसार गर्दा महिलाहरुको सम्लग्नता ७८ प्रतिसत र पुरुषहरुको सम्लग्नता ४ प्रतिसत मात्र हुनुको पछाडी वालवच्चा महिलाहरुलेनै हेर्नु पर्छ भन्ने धारणा, श्रीमान वैदेशिक रोजगार, जागिरमा व्यस्त हुनुपर्ने, श्रीमानले कमाएरनै घर व्यवहार चलाउनु पर्ने भएकोले पुरुषहरुले वालवच्चाको स्याहार

सुसार र हेरचाह गर्न झण्झट मान्ने भएकाले वालवच्चाको स्याहार सुसार र पालन पोषण पुरुषहरुको तुलनामा महिलाको सम्लग्नता उच्च रहेको देखिन्छ ।

**तालिका नं.५ (ख)**

**वालवच्चा पालनपोषण तथा स्याहार सुसारमा महिलाको सम्लग्नता वढि हुनुको कारणको विवरण**

| सि.नं | महिलाकै सम्लग्नता वढि हुनुको कारण | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | वैदेशिक रोजगारमा गएकाले | ४ | १०.२६ |
| २. | कृषि कार्यमा व्यस्तता | ३ | ७.७ |
| ३. | जागिरमा व्यस्तता | १ | २.६ |
| ४. | अन्य व्यवसायमा सम्लग्नता | २ | ५.१२ |
| ५. | वालवच्चा महिलालेनै हेर्नुपर्छ भन्ने धारणा | २९ | ७४.४ |
| जम्मा | | ३९ | १०० |

स्रोत : स्थलगत अध्ययन,२०७३

माथिको तालिका अनुसार वालवच्चाको पालनपोषण तथा स्याहार सुसारमा महिलाको सम्लग्नता वढि हुनुको कारण सवै भन्दा धेरै ७४.४ प्रतिशत उत्तरदाताले वालवच्चा महिलालेनै हेरचाह गर्नुपर्छ भन्ने धारणा राख्ने भएकोले हामी महिलाहरुलेनै हेरचाह गर्ने गरेको वताएका छन् त्यस्तै १०.२६ प्रतिशत उत्तरदाताले श्रीमान वैदेशिक रोजगारमा जानु भएकोले र महिलाहरु घरमानै वस्ने भएकोले महिलालेनै हेर्ने गरेको वताए भने वांकी ७.७ प्रतिशतले पुरुषहरु कृषी कार्यमा व्यस्त, ५.१२ प्रतिशतले अन्य व्यवसायमा सम्लग्न र २.६ प्रतिशतले जागिरमा व्यस्तता भएकोले महिलाहरुलेनै वालवच्चाको पालनपोषण तथा स्याहार सुसारमा सम्लग्न हुहुपर्ने वताएका छन् । यसरी माथिको तालिकावाट के स्पस्ट हुन्छ भने वच्चावच्चीको स्याहार सुसार र पालनपोषणमा डुरुवा गा.वि.सको ७ र ८ वडामा पुरुषको तुलनामा महिलाको सम्लग्नतानै वढि भएको देखिन्छ ।

## ५.४.६.वालवच्चा पठनपाठनमा उत्तरदाताको निर्णय

**तालिका नं.६**

**वालवच्चा पठनपाठनमा उत्तरदाताको निर्णय**

| सि.नं | निर्णय गर्ने व्यक्ति | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | महिला | ९ | १८ |
| २. | पुरुष | १३ | २६ |
| ३ | दुवै | २८ | ५६ |
| जम्मा | | ५० | १०० |

स्रोत : स्थलगत अध्ययन,२०७३

माथिको तालिकामा ५० जना उत्तरदाता संग गरिएको सर्वेक्षण अनुसार वालवच्चाको पठनपाठनमा निर्णय गर्दा उत्तरदाता स्वयंलेनै निर्णय गर्ने भन्नेमा १८ प्रतिशत, पुरुष आफैले निर्णय गर्छन भन्नेमा २६ प्रतिशत र हामी दुवै मिलेर निर्णय गर्छौ भन्नेमा सवै भन्दा धेरै ५६ प्रतिशत उत्तरदाताले आफ्नो प्रतिक्रिया जनाएका छन् । यसरी माथीको तालिकालाई अध्ययन गर्दा वाल वच्चाको पठन पाठनमा थारु महिला र पुरुषको समान सहभागीता देखिन्छ ।

मथिको तालिकामा वालवच्चाको पठनपाठनमा उत्तरदाताको निर्णय के कस्तो छ भन्ने प्रश्नमा थारु समुदायमा वाल वच्चाको पढाई लेखाईमा धेरै जसो परिवारमा महिला र पुरुषकोनै निर्णयकारी भुमिका रहेको देखिन्छ भने जुन घरमा महिलाहरु अशिक्षीत छन् उक्त घरमा भने पुरुषहरुले नै वालवच्चा कहाँ पढाउने, के गर्ने, वालवच्चाले पढे नपढेको रेखदेख गर्ने जस्ता कार्यहरु पुरुषहरुले गर्ने गरेको देखिन्छ । साथै जुन परिवारमा महिलाहरु शिक्षीत, रोजगारी छन् उक्त परिवारमा वालवच्चाको पठनपाठनको जिम्मा महिला र पुरुष दुवै मिलेर गर्ने गरेको माथिको तालिकाले देखाएको छ ।

## ५.४.७.वालवच्चा जन्माउने, नजन्माउने कति वर्षको फरकमा जन्माउने भन्ने वारे उत्तरदाताको निर्णय

**तालिका नं. ७,**

**वालवच्चा जन्माउने, नजन्माउने कति वर्षको फरकमा जन्माउने भन्ने वारे उत्तरदाताको निर्णय**

| सि.नं | निर्णय गर्ने व्यक्ति | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | महिला | ५ | १० |
| २. | पुरुष | ५ | १० |
| ३ | दुवै | ४० | ८० |
| जम्मा | | ५० | १०० |

स्रोत : स्थलगत अध्ययन,२०७३

माथिको तालिका अनुसार उत्तरदाताको घरमा वालवच्चा जन्माउने, नजन्माउने कति वर्षको अन्तरमा वच्चा जन्माउने भन्ने वारेमा गरिएको अध्ययनमा सवै भन्दा धेरै ८० प्रतिशत उत्तरदाताहरुले हामी दुवै जनाको सरसल्लाहमा निर्णय गर्ने गरेका छौं भनेका छन् भने वांकी २० प्रतिशत उत्तरदाता मध्ये १० प्रतिशत ले एक्लैले निर्णय गर्ने गरेको वताएका छन् भने १० प्रतिशत उत्तरदाताले पुरुषहरुलेनै निर्णय गर्ने गरेको वताएका छन् ।

माथिको तालिकामा वालवच्चा जन्माउने नजन्माउने, कति वर्षको फरकमा जन्माउने भन्ने वारे थारु महिलाहरुले मात्र निर्णय गर्नेमा १० प्रतिसत, पुरुषहरुले मात्रै निर्णय गर्नेमा १० प्रतिसत, महिला र पुरुष दुवै मिलेर निर्णय गर्नेमा ८० प्रतिसत हुनुको पछाडी जुन परिवारमा महिला अशिक्षीत, कृषी कार्यमा मात्र सम्लग्न रहेको छ । त्यस्तो परिवारमा वच्चावच्ची जन्माउने नजन्माउनेमा पुरुषहरुको नै निर्णयकारी भुमिका रहेको देखिन्छ भने जुन परिवारमा महिला शिक्षित, व्यापार व्यवसाय र रोजगारीमा सम्लग्न र आम्दानीको स्रोतहरुमा पनि राम्रो रहेको छ त्यस्तो थारु परिवारमा महिलाहरुको पनि पुरुषहरु सरहनै निर्णयकारी भुमिका रहेको देखिन्छ ।

### ५.४.८.सामाजिक कार्यमा उत्तरदाताको निर्णय

**तालिका नं. ८**

**सामाजिक कार्यमा उत्तरदाताको निर्णय**

| सि.नं | निर्णय गर्ने व्यक्ति | उत्तरदाता संख्या | प्रतिशत |
| --- | --- | --- | --- |
| १. | महिला | ६ | १२ |
| २. | पुरुष | २६ | ५२ |
| ३ | दुवै | १८ | ३६ |
| जम्मा | | ५० | १०० |

स्रोत : स्थलगत अध्ययन,२०७३

माथिको तालिका अनुसार सवै भन्दा धरै ५० प्रतिशत पुरुषहरुलेनै सामाजिक कार्यमा निर्णय तथा सहभागी हुने गरेको, त्यस्तै दुवैको सहभागीता समान रहेकोमा ३६ प्रतिशत र महिलाहरुको मात्र सहभागीता तथा निर्णय हुन्छ भन्नेमा एकदमै न्युन १२ प्रतिशत मात्र उत्तरदाताहरु रहेको पाईएको छ । यसरी माथीको तालिकालाई अध्ययन गर्दा सामाजिक कार्यमा थारु समाजमा पनि अधिकांस पुरुषहरुको नै निर्णयकारी भुमिका रहेको देखिन्छ ।

माथीको तालिकामा सामाजिक कार्यमा महिलाको निर्णयकारी भुमिका १२ प्रतिसत, पुरुषहरुको ५२ प्रतिसत, महिला, पुरुष दुवै मिली निर्णय गर्नेमा ३६ प्रतिसत हुनुको पछाडी अध्ययन गरिएको थारु समुदायको अधिकाँस परिवारमा सामाजिक कार्यहरुमा पुरुषहरुनै सहभागी हुनु पर्छ भन्ने धारणा, सामाजिक कार्य, निर्णय गर्दा महिलाहरुले गरेको निर्णयमा सवैको सहमती नहुने हुँदा, पोथी वासेको राम्रो हुदैन भन्ने जस्ता परम्परागत मान्यताले गर्दा महिलाहरुनै सामाजिक कार्यमा सहभागी हुन पछाडी हट्ने प्रवृतिले गर्दा महिलाहरुको सामाजिक कार्यमा कम सहभागीता हुने गरेको देखिन्छ भने अर्को तिर शिक्षित र रोजगारी महिलाहरु पुरुष सरह हामी पनि हुनु पर्छ, अधिकार मागेर नपाए खोसेर लिनु पर्छ भन्ने मान्यता रोखेका शिक्षीत तथा रोजगारमा सम्लग्न थारु महिलाहरुको सामाजिक कार्यमा सहभागीता रहेको माथीको तालिकाले प्रष्ट पार्दछ ।

### ५.४.९.वालवच्चाको विवाहमा उत्तरदाताको निर्णय

**तालिका नं ९,**

**वालवच्चाको विवाहमा उत्तरदाताको निर्णय**

| सि.नं | निर्णय गर्ने व्यक्ति | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | महिला | ६ | १२ |
| २. | पुरुष | १४ | २८ |
| ३ | दुवै | ३० | ६० |
| जम्मा | | ५० | १०० |

स्रोत : स्थलगत अध्ययन,२०७३

माथिको तालिका अनुसार वालवच्चाको विवाहमा दुवैको निर्णय अर्थात महिला र पुरुष मिलेर निर्णय गर्ने सवै भन्दा धेरै ६० प्रतिशत, त्यस्तै पुरुषहरु एक्लैले निर्णय गर्ने भन्नेमा २८ प्रतिशत र सवै भन्दा कम १२ प्रतिशत ले मात्र हामी महिलाहरुले नै निर्णय गर्छौं भन्ने उत्तरदाताको भनाई रहेको छ । महिलाहरु एक्लैले निर्णय गर्ने हरुमा अधिकांस विधवा र सम्वन्ध विच्छेद भएका उत्तरदाताहरु रहेका छन् । यसरी हेर्दा थारु समाजमा आफ्ना वच्चा वच्चीको विवाह गर्दा महिला र पुरुष दुवैको निर्णय वरावर हुने गरेको छ ।

### ५.४.१०. घरायसी कामकाज गर्दा उत्तरदाताको निर्णय

**तालिका नं.१० (क)**

**घरायसी कामकाज गर्दा उत्तरदाताको निर्णय**

| सि.नं | निर्णय गर्ने व्यक्ति | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | महिला | ४५ | ९० |
| २. | पुरुष | २ | ४ |
| ३ | दुवै | ३ | ६ |
| जम्मा | | ५० | १०० |

स्रोत : स्थलगत अध्ययन,२०७३

माथिको तालिका अनुसार घरायसी कामकाज कसले गर्छ भन्ने प्रश्नमा उत्तरदाताहरु धेरैले अर्थात ४५ प्रतिशत उत्तरदाताहरुले घरको कामकाज आफैलेनै धेरै गर्ने गरेको वताएका छन् भने ६ प्रतिशत उत्तरदाताहरुले दुवै मिलेर घरायसी कामकाज गर्ने गरेको वताएका छन् । वांकी ४ प्रतिशत उत्तरदाताहरुले घरायसी कामकाज वढि पुरुषहरुले गर्ने गरेको वताएका छन् ।

यसरी माथीको तालिका लाई अध्ययन गर्दा सवै भन्दा वढि घरायसी कामकाजहरु महिलालेनै गर्ने गरेको र पुरुषहरुको सहभागीता एकदमै न्युन रहेको देखिन्छ ।

माथिको तालिकामा घरायसी कामकाज गर्दा महिलाको उच्च सहभागीता अर्थात ९० प्रतिसत, पुरुषको मात्र ४ प्रतिसत, महिला र पुरुष दुवै मिलेर घरको काम गर्छौ भन्नेमा ६ प्रतिसत हुनुको पछाडी महिलाहरु स्वयंलेनै घर भित्रको काम आफै गर्नुपर्छ भन्ने मानसिकताले गर्दा, पहिले देखि चलि आएको रितीरिवाज तथा संस्कृती र सामाजिक परम्परा, पुरुषहरु वाह्यकाममा सम्लग्नता हुनुपर्ने भएकाले गर्दा घरायसी काममा महिलाको सम्लग्नता उच्च र पुरुषहरुको सम्लग्नता न्युन रहेको देखिन्छ ।

**तालिका नं. १० (ख)**

**घरायसी कामकाज वढि महिलालेनै गर्ने भए स्वतन्त्रता पुर्वक घरायसी काममा गर्न सक्ने/नसक्नेको विवरण**

| सि.नं | निर्णय गर्न सक्ने/नसक्ने विवरण | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | सक्छु | ४० | ८० |
| २. | सक्दिन | १० | २० |
| जम्मा | | ५० | १०० |

स्रोत : स्थलगत अध्ययन,२०७३

माथिको तालिकामा घरायसी काम काज महिलालेनै गर्ने भए स्वतन्त्रता पुर्वक घरायसी काममा आफैले निर्णय गर्न सक्ने/नसक्ने भन्नेमा ८० प्रतिसत उत्तरदाताले आफैले निर्णय गर्न सक्छौ भनेका थिए भने २० प्रतिसतले हामी निर्णय गनै सक्दैनौ श्रीमान अर्थात अरु घरको परिवारको सदस्यलेनै निर्णय गर्नुहुन्छ भनेका थिए । यसरी ८० प्रतिसत ले सक्ने र २० प्रतिसतले नसक्ने भन्नुको पछाडी जुन घरका थारु महिलाहरु शिक्षीत, रोजगार, व्यवसायमा सम्लग्न, एकल परिवारमा वसोवास गर्ने गरेका छन् उक्त परिवारका महिलाहरुले आफैलेनै घरायसी कामकाज, घर व्यवहार सम्हाल्ने आफैले निर्णय गर्छौ भनेका थिए भने जुन घरका थारु महिलाहरु अशिक्षीत, वेरोजगार, कृषि कार्यमा सम्लग्न संयुक्त परिवारमा वसोवास गरेका छन् उक्त परिवारका महिलाहरुको घरायसी कार्यमा पुरुषहरुको निर्णयकारी भुमिका रहेको पाईएको छ ।

**तालिका नं. १० (ग)**

**घरायसी काममा वढि सम्लग्नता भए पनि स्वतन्त्रता पुर्वक घरायसी काममा निर्णय लिन नसक्नुको कारण विवरण**

| सि.नं | निर्णय लिन नसक्नुको कारण | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | घरपरिवारको डर | ७ | ७० |
| २. | जेष्ठ नागरिक प्रतिको वफादारी | १ | १० |
| ३ | भन्न नचाहेको | २ | २० |
| जम्मा | | १० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७३

माथिको तालिका अनुसार महिलाहरुको घरायसी काममा वढी सम्लग्नता भए पनि ५० जना उत्तरदाता मध्ये १० जना उत्तरदाताले स्वतन्त्रतापुर्वक निर्णय गर्न नसक्ने कुरा जनाएका थिए । जसमध्ये ति १० जना उत्तरदाताहरु किन स्वतन्त्रता पुर्वक निर्णय गर्न सक्दा रहेनछन् त भन्ने कारण खोज्दा ७० प्रतिशत उत्तरदाताले घरपरिवारले के भन्ला भन्ने डरले हामी निर्णय गर्न सक्दैनौं भन्ने कुरा जनाएका छन् वांकी १० प्रतिशत उत्तरदाताले जेष्ठ नागरीक प्रतिको वफादारीले गर्दा भन्ने उत्तर दिएका छन् भने २० प्रतिशत उत्तरदाताले चांही भन्न हिच्कीचाएका छन् ।

**५.४.११.महिलाहरुको निर्णय प्रक्रियामा सहभागी गराउन र निर्णय क्षमता वढाउन अपनाउने उपायको विवरण**

**तालिका नं. ११**

**महिलाहरुको निर्णय प्रक्रियामा सहभागी गराउन र निर्णय क्षमता वढाउन अपनाउने उपायको विवरण**

| सिं.नं | उपाय विवरण | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | महिलाको हक अधिकारको वारेमा चेतना मुलक कार्यक्रम संचालन गर्नुपर्ने | ४ | ८ |
| २. | महिला शिक्षामा विशेष जोड | २१ | ४२ |
| ३. | सरकारी तथा गैरसरकारी संघ संस्थावाट महिलालाई क्षमता वढाउने तालिम दिने | ८ | १६ |
| ४. | पुरुषहरुको डरत्रासमा वस्न नहुने | १ | २ |
| ५. | सवै क्षेत्रमा महिला सहभागीता वढाउनु पर्ने | ७ | १४ |
| ६. | महिलाहरु आफैनै वलियो हुनुपर्ने | ३ | ६ |
| ७. | थाहा नभएको | ६ | १२ |
| जम्मा | | ५० | १०० |

स्रोत : स्थलगत अध्ययन २०७३

माथिको तालिका अनुसार महिलाहरुमा निर्णय प्रक्रियामा सहभागी गराउन र महिलाहरुको निर्णय क्षमता वढाउन के गर्नु पर्ला भन्ने प्रश्नमा ५० जना उत्तरदाताहरु मध्ये सवै भन्दा धेरै ४२ प्रतिशत उत्तरदाताहरुले महिला शिक्षामा विशेष जोड दिनुपर्ने कुरा वताएका छन् । त्यस्तै १६ प्रतिशतले सरकारी तथा गैरसरकारी संघ संस्थावाट महिलाहरुको क्षमता वढाउने तालिम दिनुपर्ने, १४ प्रतिसतले सवै क्षेत्रमा महिला सहभागीता वढाउनुपर्ने, ८ प्रतिशतले महिला हक अधिकारको वारे चेतनामुलक कार्यक्रम संचालन गर्नुपर्ने, ६ प्रतिशतले महिला आफै वलियो पुरुषहरुको डरत्रासमा वस्न नहुने र वांकी १२ प्रतिशत उत्तरदाताहरुले चांही यसवारे आफुहरुलाई केहि थाहा नभएको वताएका छन् ।

### ५.५ व्यक्तिगत अध्ययनहरु

**वैयक्तिक अध्ययन** (१)

वर्ष २८ की सुष्मा चौधरी डुरुवा गा.वि.स. वडा नं. ८, भोजपुरमा वस्नुहुन्छ । आफू सानै छदा वावुको मृत्यु भएको वताउने सुष्मा चौधरी आमा संग वस्दै आउनु भएकोमा आफू १० वर्षकी हुदा आमा पनि अर्कै संग विवाह गरेर गएपछि उहाँ मामाको घरमा वस्दै आउनु

भएको थियो । कक्षा ९ सम्मको अध्ययन गरेकी उहाँले पढ्ने उमेरमा वावु आमाले साथ छोडेर गएपछि र मामा घरको पनि आर्थिक स्थिती कम्जोर भएका कारण पढ्न नपाएको गुनासो गर्नुहुन्छ । उहाँ भन्नु हुन्छ आफू १६ वर्षको हुँदा मामाले डुरुवा ८, भोजपुर मा वस्ने दिपक चौधरी सँग विवाह गरिदिनु भयो । घरमा ठूलो परिवार भएकोले घरधन्दा गर्ने देखि लिएर घरको सम्पूर्ण काम, गाई वस्तु स्याहार्ने, खेतवारीमा काम गर्ने, सवैकाम गर्नु पर्थ्यो । श्रीमानको शैक्षिक योग्यता कम भएकोले उहाँ पनि ज्यालादारी कामको शिलशिलामा वाहिरनै जाने गर्नुहुन्थ्यो । म भने दिन भर घर, खेतवारी र गाईवस्तु स्याहार्ने काम गर्नु पर्थ्यो । यति धेरै काम गर्नु पर्दा पनि एकातिर आफ्नो जिउले सुख नपाउने अर्को तिर घरमा सासु, ससुरा र श्रीमानले दिन भर के काम गर्छेस र तैले भन्नुहुन्थ्यो । श्रीमानले आफूले कमाएको पैसा घर खर्चमा सकियो भनेर मलाई एक रुपैया पनि दिनुहुन्नथ्यो । मैले विहे गरे देखी २४ वर्ष सम्म आफूले मन लागेको खान, लाउन पाउन्नथे । कहिले काँही मामा घरमा गएपछि मिठो मसिनो खान्थे । श्रीमानले पनि घर परिवार सँग वस्दा घर परिवारको कुरा सुनेर धेरै दुख दिनु भयो । यसै अन्तरालमा मेरा २ छोरा छोरी जन्मिए । छोरा, छोरी हुर्काउने, घरको कामकाज, खेतवारी सवै आफैलेनै गर्नुपर्थ्यो । अहिले भने हामी घर परिवार वाट अलग वस्दै आईरहेका छौं । श्रीमान पनि विदेश जानु भएको छ श्रीमानले विदेशवाट राम्रै कमाई गर्दै आउनु भएको छ । अहिले हामी घरमा २ छोरा छोरी र म वस्दै आईरहेका छौं । श्रीमानले विदेशवाट कमाएर पठाएको पैसाले अहिले सानो घर वनाएर त्यही घरमा सानो किराना पसल गर्दै आएको छु । छोरा छोरी पनि नजिकैको स्कुलमा जाने गर्छन । अहिले भने श्रीमान विदेश जानु भएकोले घर व्यवहार देखी लिएर सवै काम मैलेनै सम्हाल्ने गरेकी छु । घरको सम्पुर्ण कार्यहरुमा म आफै निर्णय गर्न सक्ने भएकी छु । हुनत आफ्नो काँधमा सवै जिम्मेवारी थपिएकोले गर्दा होला । सामाजीक कार्य देखी लिएर छोरा छोरीहरुको स्कुलमा हुने गरेको अभिभावक भेलाहरुमा म आफै सहभागी हुने गर्छु । गाँउमा महिला समुह, आमा समुहमा पनि सहभागी भएकी छु । सानो तिनो हिसाव किताव गर्ने, वैठकहरुका दुई चार शव्द राख्ने सक्ने भएको उहाँ वताउनु हुन्छ । उहाँ भन्नु हुन्छ दुखीको पनि एक दिन अवस्य सुखको दिन आउने रहेछ धैर्य गर्नु पर्दो रहेछ । उहाँले आफु जस्तै अन्य महिला दिदी वहिनीहरुलाई हरेश नखानुस कर्म गर्नुहोस् कर्म गरेपछि अवस्य पनि सफल भइन्छ भनेर सम्झाउने गरेको वताउनु हुन्छ ।

**वैयक्तिक अध्ययन** (२)

सिता चौधरी डुरुवा गा.वि.स. वडा नं. ७ मलवारमा वस्नुहुन्छ । उहाँको जन्म २०४८ सालमा मानपुरमा भएको हो । सामान्य परिवारमा जन्मेकी उहाँले कक्षा ८ सम्मको अध्ययन गर्नु भएको छ । २ भाई र १ वहिनी की जेठी छोरी भएकीले उहाँले घरको काममा वुवा आमालाई सहयोग गर्नु पर्ने भएकोले पढ्ने इच्छा हुँदा हुँदै पनि पढाईलाई विचैमा छोड्नु परेको वाध्यता वताउनुहुन्छ । उहाँको २०६५ साल वैशाख मा डुरुवा ७ मलवारमा वस्ने राजकुमार चौधरी सँग मागी विवाह भएको थियो । उहाँ भन्नु हुन्छ माइती घरमा पनि भाई वहिनी साना भएकोले घरको कामकाज गर्न म जेठी छोरी भएकोले वुवा आमा लाई सघाउनु पर्थ्यो भने अहिले विहे गरेर आईसके पछि पनी उही काम पर गएको छैन । घर, चलोचौको, मेलापात, खेतवारीको काम त मेरो पेवा जस्तोनै भई सक्यो । उहाँ सयुक्त परिवारमा वस्नुहुन्छ । उहाँको घरमा सासु, ससुरा,श्रीमान, आफु, नन्द, देवर र आफ्नो ५ वर्षको छोरा रहेको वताउनुहुन्छ । उहाँको श्रीमान नजिकैको वोर्डिङमा पढाउनु हुन्छ । सासु ससुरा कृषि काम गर्नुहुन्छ भने नन्द देवर पढ्नु हुन्छ । उहाँ विहान ४ वजे उठ्ने घर सफा गर्ने, लिपपोत गर्ने अनि घरमा अलि अलि तरकारी खेतीगर्ने भएकोले उक्त तरकारी लिएर तुल्सिपुर वजारमा विक्री गर्न जाने अनी आयो खाना खायो खेतवारीको काम गऱ्यो, तरकारी गोडमेल गर्ने, पानी चाहार्ने र अर्को दिन विहानका लागी वजार लैजाने तरकारी टिप्यो त्यसै गरीनै आफ्नो दिन चर्या चलिरहेको उहाँ वताउनुहुन्छ । उहाँले घरमा यति धेरै दुख गरे पनि आफै तरकारी वेचे पनि तरकारी वेचेको पैसा सवै हिसाव किताव गरेर सासु ससुरालाई वुझाउनु पर्ने वताउनुहुन्छ । यदि आफु र छोरालाई केहि सामान किन्नु पऱ्यो भने घर खर्चको लागी केहि सामान ल्याउनु पऱ्यो भने सासु, ससुरा र श्रीमान संग पैसा माग्नु पर्ने उहाँ वताउनु हुन्छ । त्यस्तै गरि उहाँ कहि कतै जानु पऱ्यो भने पनि घर परिवार संग सोधेर मात्र जाने गरेको वताउनुहुन्छ । उहाँ आफै कुनै पनि कुराको निर्णय गर्न नसक्ने वताउनुहुन्छ ।

माथिका २ वटै व्यक्तिगत अध्ययनहरुलाई यस अध्ययनको उदेश्य र यस अध्ययनवाट प्राप्त परिणामलाई तुलना गरि हेर्दा संयुक्त परिवारमा भन्दा एकल परिवारमा महिलाहरुको सामाजिक, आर्थिक, सांस्कृतिक स्थिती राम्रो हुनुको साथै घरायसी निर्णयमा महत्वपुर्ण भुमिका रहेको देखिन्छ । त्यस्तै गरि अशिक्षीत महिलाको तुलनामा शिक्षीत महिला कृषिमा पेसामा सम्लग्न महिलाको तुलनामा रोजगारी तथा अन्य व्यवसायमा सम्लग्न महिलाहरुमा चल अचल सम्पत्ती माथीको अधिकार र घरायसी निर्णयमा प्रभावकारी भुमिका रहेको देखिन्छ ।

# अध्याय : ६

## सारांश तथा निष्कर्ष

### ६.१ सारांश

यस अध्ययनमा विशेषगरि महिलाको परिवारमा/घरमा उनीहरूको र पुरूषको कुनै पनि कुराको निर्णय गर्ने कुराको भिन्नता र थारु महिलाहरुको चल अचल सम्पती माथीको अधिकार लाई देखाइएको छ । यस स्थलगत सर्वेक्षणमा महिलाको सामाजिक तथा आर्थिक अवस्थाको बारेमा पनि अध्ययन गरिएको छ ।

प्रस्तुत अध्ययन दाङ जिल्लाको डुरुवा गा.वि.स.को वडा नं ७ र ८ मा गरीएको छ । अध्ययन क्षेत्रमा कुल ४७८ घरपरिवारको बसोबास रहेको छ । यी वडाहरुमा १०३ थारू घरपरिवारहरूको बसोबास रहेको छ, जसमध्ये अध्ययनको सरलताको लागि कुल १०३ थारू परिवारबाट साधारण सम्भावना युक्त नमुना छनोटबाट ५० विवाहित महिलालाई उत्तरदाताको रूपमा छनोट गरिएको छ । अध्ययनका क्रममा साधारण सम्भावना युक्त नमुना छनोट विधि अन्तर्गत गोला प्रथाको प्रयोग गरिएको छ । जस अन्तर्गत समग्रवाट कुल १०३ थारु परिवारका सवै विवाहित महिलालाई समेटिने गरी ५० विवाहित महिलालाई नमुनाको रुपमा छनौट गरिएको छ । अध्ययनका क्रममा आबश्यक तथ्याकंहरु प्राथमिक स्रोत र द्धितिय स्रोतबाट संकलन गरीएको छ । उक्त अध्ययनमा उत्तरदाता महिलाको सामाजिक तथा आर्थिक अबस्था अन्तर्गत उनिहरुको उमेर समुह, धार्मिक अवस्था, पेसागत विवरण, सम्पत्ति माथिको हक तथा अधिकार, आदि पक्षको बारेमा अध्ययन गरिएको छ ।

यस क्रममा उत्तरदाता महिलाको उमेर समुहलाई हेर्दा १५-५९ उमेर समुहका उत्तरदाता महिलाहरु पर्दछन् । किनभने हामीहरुको उत्तरदाता भनेको विवाहित महिला उत्तरदाताहरु हो । यसैगरी उत्तरदाता महिलाको परिवारको प्रकारलाई हेर्दा एकात्मक परिवारबाट ३४ प्रतिसत ,र संयुक्त परिवारबाट ६६ प्रतिशत रहेका छन् । यस तथ्याकंको आधारबाट थारु समाजमा प्रायजसो मानिसहरु सयुक्त परिवारमा रहन रुचाउने कुरा प्रष्ट देख्न सकिन्छ । यसैगरी उत्तरदाता महिलाको बैबाहिक स्थितिलाई हेर्दा अधिकांस ८६ प्रतिसत महिलाहरु विवाहित छन्, बाँकी १२ प्रतिसत एकल र २ प्रतिसतले सम्बन्ध विच्छेद गरिएको पाईयो । जसमा अधिकांस घरायसी निर्णय, सम्पत्तिको अधिकार र जुनसुकै कार्यमा वढि सहभागीता एकल र सम्वन्ध विच्छेद गरेका महिलाहरुमा हुने गरेको यस अध्ययनले देखाएको छ अव उत्तरदाता महिलाहरुको शैक्षीक अबस्थालाई हेर्दा उत्तरदाता महिलाहरु मध्ये १५ अर्थात ३० प्रतिसत अशिक्षित महिलाहरुको रहेका छन् । भने सबैभन्दा कम २ जना अर्थात ४ प्रतिसत महिलालेमात्र एस.एल.सी सम्मको, यस्तैगरि ३ जना अर्थात ६ प्रतिसत महिलाले उच्च मा.वि गरेको पाईयो । त्यस्तै प्रा.वि सम्मको

अध्ययन गरेका ८ जना अर्थात १६ प्रतिसत, नि.मा.वि. सम्मको अध्ययन गरेका १५ जना अर्थात ३० प्रतिसत, मा.वि. सम्मको अध्ययन गरेका ७ जना अर्थात १४ प्रतिसत महिलाहरु रहेका छन् । यसैगरी उत्तरदाता महिलाहरुको धार्मिक अबस्थालाई हेर्दा अधिकांस ९२ प्रतिशत हिन्दु धर्मावलम्वि महिला उत्तरदाता रहेका छन् भने बाँकी ८ प्रतिशत चाहि पछिल्लो समयमा क्रिश्चियन धर्मपट्टि लागेको पाईयो ।

यसैगरी उत्तरदाता महिलाको पारिवारीक आम्दानिको मुख्य स्रोतमा ८२ प्रतिसतको कृषि, ८ प्रतिसतको रोजगारी , २ प्रतिसतको ज्यालादारी, ४ प्रतिसतको व्यापार र ४ प्रतिसत वैदेशिक रोजगार रहेको देखियो । यसैक्रममा उत्तरदाता महिलाको अम्दानिको मुख्य स्रोतकोबारेमा सोध्दा ४६ प्रतिसत महिला कृषिमा संलग्न रहेको पाईयो भने बाँकी मध्ये १० प्रतिसत रोजगारी, २ प्रतिसत घरायसी काममा मात्र, १२ प्रतिसत व्यापार र २४ प्रतिशत अन्य स्वरोजगारमुलक क्रियाकलापमा संलग्न रहेको पाईयो । यसरी हेर्दा थारु महिलाहरु घरको काममात्र गरेर वस्ने गरेको एकदमै कम मात्र रहेको पाईयो । यस तथ्यांक वाट के कुरा स्पस्ट हुन्छ भने थारु महिलाहरु घरायसी कामको अलावा अन्य काममा पनि सम्लग्न हुने गर्दछन् । उत्तरदाता महिलाहरुको घर परिवारको जग्गा जमिन भए नभएको बारेमा विवरण लिदा महिलाको घरपरिवारको आफ्नो जमिन रहेको पाइयो । जसमध्ये १०० प्रतिसतको आफ्नो घरपरिवारको नाममा जमिन रहेको पाईयो । अध्ययनको क्रममा उत्तरदाता महिलाको तथा उसको घर परिवारको जमिनबाट उत्पादित अन्नले कति समयसम्म खान पुग्दछ भन्ने बारेमा पनि तथ्याकं संकलन गरिएको थियो,जसबाट सबभन्दा बढि ४८ प्रतिसत उत्तरदाताको जमिनबाट उत्पादित अन्नले छ देखि नौ महिना खान पुग्ने देखिएको छ । यस्तैगरी, ४० प्रतिसत उत्तरदाता महिलाको जमिनबाट उत्पादन हुने अन्नले तिन देखी छ महिना खान पुग्ने, अनि ८ प्रतिसत उत्तरदाता महिलाको जमिनबाट उत्पादित अन्नले एक वर्ष भरी खान पुग्ने र ४ प्रतिसत उत्तरदाता महिलाको जमिनबाट उत्पादित अन्नले तिन महिना भन्दा कम खान पुग्ने कुरा अध्ययनको क्रममा पाईयो ।

यसैक्रममा उत्तरदाता महिलाको चाहि आफ्नो नाममा जग्गा जमिन भए नभएको बारेमा अधिकांस महिलाको आफ्नो नाममा जमिन नरहेको पाइयो । जसमध्ये ४६ प्रतिसतको आफ्नो नाममा जमिन भएको र मात्र ५४ प्रतिसतको आफ्नो नाममा जमिन नभएको थाहा

भएको छ । जसमध्ये पनि ति महिला विवाहित, एकल र संबन्ध विच्छेद गरि अलग रहदै आएको उल्लेखित अध्ययनबाट प्रष्ट भएको छ ।

महिलाको  आफ्नो नाममा घर नरहेको पाइयो । जसमध्ये ७० प्रतिसतको आफ्नो नाममा  घर नभएको र मात्र ३० प्रतिसतको आफ्नो नाममा  घर भएको थाहा भएको छ । जसमध्ये पनि ति महिला विवाहित, एकल र सम्बन्ध विच्छेद गरि अलग रहदै आएको उल्लेखित अध्ययनबाट प्रष्ट भएको छ । डुरुवा गा.वि.स को वडा नं. ७ र ८ को थारु घरधुरीमा उनिहरुले संचालन गरेको व्यवसायको रेखदेखको अध्ययन गर्दा सवै भन्दा वढि अर्थात ५४ प्रतिसत महिला र पुरुष दुवै मिलेर उक्त व्यवसायको संचालन तथा रेखदेख गर्ने गरेको यस अध्ययनले देखाएको छ । त्यस्तै गरि उक्त व्यवसायमा ३० प्रतिसत महिला र १६ प्रतिसत पुरुषहरुको सम्लग्नता रहेको देखिन्छ ।

यसरी हेर्दा पुरुषको तुलनामा महिलाहरुनै व्यवसाय संचालन तथा रेखदेखमा वढि सहभागी हुनुको पछाडी महिलाहरु घर वरिपरीको काममा अर्थात घर नजिकको काममा सम्लग्न हुने र पुरुषहरु प्राय कमाउन देश विदेश जाने भएकोले यस्तो हुन गएको हो । वालवच्चाको पालनपोषण तथा स्याहार सुसार कसले गर्छ भन्ने कुरामा सवै भन्दा वढि ७८ प्रतिशत उत्तरदाताले महिला आफैनै उक्त कार्यमा सहभागी भएको पाइएको छ भने पुरुषहरु मात्रैको सहभागिता अत्यन्तै न्युन अर्थात ४ प्रतिशत र दुवै जनाको सहभागितामा १८ प्रतिशत उत्तरदाताको सम्लग्नता रहेको पाईएको छ । थारु समाजमा पनि वालवच्चाको पालनपोषण र स्याहार सुसारको जिम्मेवारी अधिकांस महिलाहरुलेनै गर्ने गरेको पाईयो भने पुरुषको सम्लग्नता एकदमै न्युन मात्रामा भएको पाईयो ।

वालवच्चाको विवाहमा दुवैको निर्णय अर्थात महिला र पुरुष मिलेर निर्णय गर्ने सवै भन्दा धेरै ६० प्रतिशत, त्यस्तै पुरुषहरु एक्लैले निर्णय गर्ने भन्नेमा २८ प्रतिशत र सवै भन्दा कम १२ प्रतिशत ले मात्र हामी महिलाहरुले नै निर्णय गर्छौ भन्ने उत्तरदाताको भनाई रहेको छ । महिलाहरु एक्लैले निर्णय गर्ने हरुमा अधिकांस विधवा र सम्वन्ध विच्छेद भएका उत्तरदाताहरु रहेका छन् । यसरी हेर्दा थारु समाजमा आफ्ना वच्चा वच्चीको विवाह गर्दा महिला र पुरुष दुवैको निर्णय वरावर हुने गरेको छ । घरायसी कामकाज कसले गर्छ भन्ने प्रश्नमा उत्तरदाताहरु धेरैले अर्थात ४५ प्रतिशत उत्तरदाताहरुले घरको कामकाज आफैलेनै धेरै गर्ने गरेको वताएका छन् भने ६ प्रतिशत उत्तरदाताहरुले दुवै मिलेर घरायसी कामकाज गर्ने गरेको वताएका छन् । वांकी ४ प्रतिशत उत्तरदाताहरुले घरायसी कामकाज वढि पुरुषहरुले गर्ने गरेको वताएका छन् ।

यसरी माथीको तालिका लाई अध्ययन गर्दा सवै भन्दा वढि घरायसी कामकाजहरु महिलालेनै गर्ने गरेको र पुरुषहरुको सहभागीता एकदमै न्युन रहेको देखिन्छ ।

## ६.२ निष्कर्ष

प्रस्तुत थारु महिलाहरुको घरायसी निर्णय प्रकृयामा महिलाहरुको भुमिका वारे गरिएको समाजशास्त्रीय अध्ययनबाट थारु महिलाहरु अझै पनि पुरुषको तुलनामा सामाजिक, आर्थिक, शैक्षिक, तथा सम्पत्ती माथीको अधिकार, महत्वपुर्ण घरायसी निर्णयहरुमा कम सहभागीता रहेको प्रष्ट बुझ्न सकिन्छ । घरायसी निर्णय प्रक्रियामा सामान्यतयाः महिलाको शैक्षिक अवस्था, परिवारको आकार, र महिलाहरुको उमेर, महिलाले गर्ने व्यवसाय ले पनि प्रभाव पारेको देखिन्छ । जो महिला शिक्षीत छन्, एकल परिवारमा वसोवास गर्ने गर्दछन् उनीहरुको सामाजिक, आर्थिक स्थीती उच्च हुनुको साथै चल अचल सम्पत्ती माथीको अधिकार पनि उच्च र घरका महत्वपुर्ण निर्णयहरुमा उनीहरुको निर्णयकारी भुमिका रहेको देखिन्छ भने अर्को तिर जो महिला अशिक्षीत, संयुक्त परिवारमा वसोवास गर्छ, उमेरको हिसावले पनि कम उमेरको छ र कृषि पेसामा मात्र सम्लग्न छ उनीहरुको सामाजिक, आर्थिक स्थिती न्युन हुनुको साथै चल अचल सम्पत्ती माथीको अधिकार न्युन र घरमा हुने हरेक निर्णयहरुमा पुरुषहरुको नै वर्चश्व हुने गरेको देखिन्छ ।

अझै पनि ग्रामिण ठाँउका थारू महिलाहरू आफ्ना अधिकार र दायित्वबाट वञ्चित रहेका छन् । मैले अध्ययन गरेको यस थारू समुदायमा घरायसी निर्णय गर्दा महिला र पुरुषको वरावरी नै निर्णयकारी भुमिका रहेको पाएँ भने घरको काम काज, वच्चा वच्चिको हेरचाह, स्याहार सुसार र घर भित्रको कामहरुमा महिलाहरुको उच्च सहभागीता रहेको देखिन्छ भने घर वाहिरको कामहरुमा पुरुषहरुकै सहभागीता उच्च रहेको देखिन्छ । कृषि कार्यमा महिला पुरुषको सहभागीता लगभग वरावरी नै देखिन्छ । सम्पत्ति माथीको अधिकारको वारेमा भन्नु पर्दा यस थारु समुदायमा अधिकांश पुरुषहरुको नाममानै जग्गा जमिन र घर रहेको देखिन्छ । अध्ययनमा महिलाको नाममा जमिन र घरको कुरा गर्दा धेरै जसो श्रीमान नभएका विधवा महिला, श्रीमान देखी अलग भएका र एकल परिवारमा वस्दै आईरहेका महिलाहरुमा घर जग्गा रहेको पाइयो । समाजका सबैजसो महत्वपूर्ण कुराहरूको निर्णय पुरूषले नै गर्ने गरेका छन् । महिलाको शिक्षाको अवस्था पुरूषको तुलनामा कम रहेको छ । महिलाहरु अझै पनि घर वरीपरीको कामहरुमा सम्लग्न हुने र पुरुषहरु घर वाहिरको काममा वढि सम्लग्न हुने गरेको यस अध्ययनले देखाएको छ । वालवच्चा स्याहार गर्ने काममा पनि महिलाहरुकै सम्लग्नता वढि हुने गरेको छ । महिलाले

पुरूषले गरेको निर्णय मान्न बाध्य हुनु परेको छ । तसर्थ यस अध्ययनबाट के प्रष्ट हुन्छ भने महिलाको शैक्षिक, आर्थिक, सामाजिक अवस्था कमजोर भएकै कारण उनीहरू पुरूषभन्दा पछाडि धकेलिएका हुन् । यदि हामीले देश विकास गर्नु छ भने महिलाको क्षमता वृद्धि गर्नु जरूरी रहेको छ । अध्ययनले के पनि दर्शाउँछ भने महिलाले घरमा बढी काम गर्ने तर निर्णय गर्दा उनीहरूलाई कम भूमिका दिइने गरेको पाइयो । थारू महिलाको स्थिती माथि नउठ्नुमा अझै पनि उनीहरू परम्परागत चलनमा विश्वास गर्नु हो । अहिले जे होस् यस डुरुवा गा.वि.स.मा अलिकति भए पनि परिवर्तन आएको माथिको अध्ययनले देखाएको छ ।

## सन्दर्भ सूची

गिरी, श्याम शङ्कर, (२००९), *विकासमा महिला सहभागिता, संचारिका ज्ञानमाला संग्रह,* साथी, काठमाण्डौ ।

तुलाधर, इन्दु र थापा, सरजराज (वि.सं.२०५९), *नेपालमा मानव अधिकार तथा कानुनी उपचार,* कानुनी सहायता र न्यायमा महिलाहरूको पहुँच, वागवजार काठमाण्डौ, पिनाकल पव्लीकेशन प्रा. लि. ।

पन्थी, विमला, (२०६९), *महिला हिंसा र मुक्तिको प्रश्न,* गोरखापत्र दैनिक, काठमाण्डौ ।

पहाडी, राजेन्द्र (२०६९), महिला विरुद्ध घरेलु हिँसाको डरलाग्दो पाटो, पोखरा एक्सप्रेस, छुनुमुन अफ्सेट प्रेस, न्युरोड पोखरा ।

ढकाल, सुर्य प्रसाद (२०६९), अन्तराष्ट्रिय महिला दिवश र नेपाली महिलाहरु, पोखरा एक्सप्रेस, छुनुमुन अफ्सेट प्रेस, न्युरोड पोखरा ।

मल्ल/जोशी, अमलदेवी (२०६९), सहकारीमा महिलाहरुको पहुँच, कान्तिपुर दैनिक, काठमाण्डौ ।

विश्वकर्मा, पद्मलाल (२०५९), नेपालमा मानव अधिकार तथा कानुनी उपचार, नेपालका दलित र मानव अधिकार, त्रिभुवन विश्वविद्यालय मानव अधिकार केन्द्र ।

थापा, सितामैया, (वि.सं.२०५९), *नेपालमा मानव अधिकार तथा कानुनी उपचार,* कानुनी सहायता र न्यायमा महिलाहरूको पहुँच, वागवजार काठमाण्डौ, पिनाकल पव्लीकेशन प्रा. लि.।

न्यौपाने , दिपा (२०६५) महिलामाथि हुने गरेको घरेलु हिंसाः वालाजु विष्णुमति किनारको सुकुम्वासी महिलाहरुको एक अध्ययन,अप्रकाशित शोधपत्र, काठमाण्डौं,समाजशास्त्र/मानवशास्त्र केन्द्रिय विभाग त्रिभुवन विश्वविद्यालय ।

शाँख, कुसुम, (२०५९), *नेपालमा महिला अधिकार तथा कानुनी उपचार,* कानुनी सहायता र न्यायमा महिलाहरूको पहुँच, वागवजार काठमाण्डौ, पिनाकल पव्लीकेशन प्रा. लि. ।

घिमिरे, ओम प्रकाश, (२०६५), *महिलाका मुद्दामा छापा माध्यम, महिला र बालबालिका,* पुतलीसडक काठमाडौं, प्रशान्ति प्रकाशन ।

चौधरी, रूपा (वि.सं.२०६६), *महिला आन्दोलन पुरूष विरोधी होइन,* भद्रकाली प्लाजा, काठमाडौं, राष्ट्रिय महिला आयोग ।

ढुङ्गाना, मिरा (वि.सं.२०६७), *विभिन्न राष्ट्रका संविधानमा महिला,* केन्द्रीय सचिवालय, जागरण नेपाल काठमाण्डौं, महिला अधिकार सरोकार मञ्च ।

भण्डारी, रितुराज (२०६६), *महिला अधिकार सम्वन्धी जानकारी,* राष्ट्रिय महिला आयोग भद्रकाली प्लाजा, काठमाण्डौ ।

सर्मा/तिवारी, रिचा (२०६९), वैदेशिक रोजगारका निम्ती महिला योग्य छैनन् र ? अनलाइन साहित्य, magazine, online sabity.

नेपाल कानुनी परिचर्चा (२०३५) न्याय तथा कानुन मन्त्रालय, काठमाण्डौं, श्री ५ को सरकार ।

नेपालको संविधान, (२०७२) सिहदरवार काठमाण्डौं, संविधान सभा सचिवालय ।

तेह्रो योजना, (आर्थिक वर्ष २०७०/७१ -०७२/७३)

नवौं पञ्च वर्षिय योजना, (२०५४ - ०५९), राष्ट्रिय योजना आयोग, काठमाण्डौं ।

दसौं पञ्च वर्षिय योजना, (२०५९ - ०६४),राष्ट्रिय योजना आयोग, काठमाण्डौं ।

एघारौं पञ्च वर्षिय योजना, (२०६४ - ०७९),राष्ट्रिय योजना आयोग,काठमाण्डौं ।

वाह्रौं पञ्च वर्षिय योजना, (२०७९ - ०७४),राष्ट्रिय योजना आयोग,काठमाण्डौं ।

Acharya, Meena (1997AD). *Gender Equality and Employment of Women,* (CEDA), Population Magizine, Kathmandu.

Bennt,lynn (2005AD). Dangerous Wives and sacred sister. Perspctive of sociological Theory. Tribhuwan University, kirtipur, Kathmandu.

Sharma, Asha (1980AD). Professional Women and Development, A Case Study of Kathmandu Valley.

Singh, Niraj (2009AD). Women and violence, New Delli, Patina university.

UNICEF (1996 AD), *Children an dWomen of Nepalese,* UNICEF, Kathmandu.

Gawali, pradip(2012 AD), women and violence in world wise context, Kantipur, Kathmandu.

(http/www.mysansar.com)